जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना
दीपावलीको पावन अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदातामा हार्दिक मंगलमय शुभकामना ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

**सूचना:** दीपावलीको अवसरमा जनकपुर टुडे कार्यालय कात्तिक १८ गते आइतवार सम्म विदा रहने छ ।आगामी अंक मंगलवार २० गते प्रकाशन हुनेछ । –प्रकाशक

वर्ष २६ • अंक १५९ • २०८१ साल कार्त्तिक १५ गते बिहीबार (31 October, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### धुमधामको साथ दीपावली मनाइँदै

## सरकारी भन्दा बजारमा असर्फी सस्तो, भारी भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । धनकी देवी लक्ष्मीको विशेष पूजा हुने दीपावली पर्व धुमधामका साथ मनाइँदै छ । तिथिको फेरबदलले भारतको केही भागमा दुई दिन दीपावली त्यौँहार मनाइँदै छ । तर नेपालमा दीपावली बिहीबार एक दिन नै मनाइँदै छ ।

मंगलबार धेरैले धनतेरस मनाएको भए पनि बुधबार पनि धनतेरस मनाइएको छ । पण्डित सन्तोष पाण्डेयका अनुसार बुधबार दिउँसोसम्म मात्र धनतेरसको साइत थियो ।

दीपावली बिहीबार नै मनाइने उनले बताए । 'बिहीबार दिउँसो ३ बजेर २२ मिनेटदेखि दीपावलीको साइत सुरु हुने छ' उनले भने, शुक्रबार दिउँसोसम्म मात्र तिथि रहेकाले बिहीबार नै दीपावली गर्नु उपयुक्त हुने छ ।

यस वर्ष तिथिको हेरफेरले पर्वत्यौँहारहरुमा प्रभाव परेको छ । दीपवालीमा पनि तिथिको प्रभावले दुई दिन मनाइने स्थिति देखिएको छ । तर अधिकांश भूभागमा बिहीबार नै दीपावली पर्व मनाइने छ । भारतको उत्तरप्रदेश लगायतका केही प्रदेशमा बिहीबार र शुक्रबार नै दीपावली मनाइने भएको छ ।

तिथिको विषयमा पण्डितहरुको राय बाझिएको छ । अधिकांशले बिहीबार मनाउन सुझाए पनि केहीको तर्क शुक्रबार मनाइने छ ।

दीपावलीमा सरसफाइ, नयाँ धातु, भाडाकुँडा, वाहनलगायतको खरिदलाई प्राथमिकता दिइन्छ । सुनचाँदीको मूल्य अकासिए पनि बजारमा अन्य दिनको तुलनामा भारी खरिद भएको बताइन्छ ।



सुनको भन्दा चाँदीको लक्ष्मी गणेश भगवानको मुर्ती खरिद गर्नेहरुको सर्वाधिक भीड देखिएको हो । सुनचाँदी व्यवसायी मनिषरमण साहका अनुसार चाँदीको लक्ष्मी गणेश भगवानको मूर्ति खरिद गर्नेहरुको भीड देखिए पनि सुनको बिक्रीमा कमी आएको छ ।

'नेपाल राष्ट्र बैंकले निर्धारण गरेको चाँदीको असर्फीको भन्दा बजारमा सस्तोमा चाँदीको असर्फी उपलब्ध रहेको छ ' साहले भने, बैंकले चाँदीको १० ग्रामको असर्फीको मुल्य २ हजार २ सय निर्धारण गरेको छ । तर बजारमा २ हजार १ सय मुल्य निर्धारण गरिएको छ । लक्ष्मी गणेशको मुर्तीको सिक्का सय प्रतिशत चाँदीको मात्र हुने गरेको उनले दाबी गरे । सार्वजनिक गरिएको मुल्य शुद्ध चाँदीको रहेकाले त्यसमा मिसावट गरिए बिक्रेता दोषी हुने उनको कथन छ ।

सुनको मुल्य धेरै वृद्धि भएकाले विगतको तुलनामा विक्रीमा निकै कमी आएको साहले बताए । 'सुनको मूल्यमा निरन्तर भइरहेको वृद्धिले विक्रीमा कमी आएको छ ' उनले भने, तर सुनको मूल्यमा अझै केही समय कमी आउने सम्भावना छैन ।

दिपावलीमा मिठाई, फलफुल, बिजुलीको सरसमान, माटोका लक्ष्मी गणेशको प्रतिमाको बिक्रीपनि उल्लेख्य रुपमा भएको छ ।अबेर सम्म मिठाई पसल, फलफुल र सजावटका पसलहरुमा ग्राहकको भीड लागेको थियो ।

उपभोक्ताहरुले भने हरेक समानको मुल्यमा भारी बृद्धि भएको बताए ।जानकी मन्दिर वरिपरिको पसलहरुमा तछाडमछाड गर्नेहरुले धेरै महँगो भयो भन्दै मोलमोलाइ गरिरहेका थिए ।तर महँगी बढेपनि समान खरिद गर्नेहरुको संख्यामा बृद्धि भएको स्थानीयहरुले बताए ।

दिपावलीलाई दिपोत्सवको रुपमापनि मनाइन्छ ।माटोको दियोमा तेलबत्ती बालेर दिपावली मनाइन्छ ।दिपावलीको पुजन बिधि भूगोल अनुसार केहि फरक भएपनि दिप बाल्ने चलन सबै स्थानमा रहेको छ ।

सनातन धर्म अनुसार भगवान राम लंकामाथि विजयप्राप्तगरि सीता सहित अयोध्या फर्केको दिन अयोध्यामा भव्य दिपावली गरिएको थियो ।त्रेता युगकालिन संस्मरणमा अयोध्यामा दिपावली मनाइन्छ ।

दिपावलीमा देवस्थलहरुमा समेत दिपावली गरिन्छ ।मठमन्दिरहरुमा श्रद्धालु भक्तजनहरुले दिप जलाएर पुजा गर्छन् ।

दिपावलीमा पड्काइने पटाखामा भने व्यापक कमि आएको छ ।सीमाक्षेत्रमा पटाखाको अयातमा कडाई गरिएपछि सहरी क्षेत्रमा पटाखा पड्काउनेमा कमि आएको छ ।हुनत नागरिकपनि वातावरणप्रति सचेत भएकाले प्रदुषणको कारणपनि पटाखा पड्काउन कम गरेका छन् ।

अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि– डिप्लोमा इन कम्प्युटर इन्जिनियरिंग
२. प्रि– डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग – ३ बर्षे कार्यक्रममा केही सीट रित्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१–५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१–५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण पालिकावासी, प्रदेशवासी तथा देशवासीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सदभाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।

सतार अन्सारी
कार्यकारी निर्देशक
प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र
जनकपुरधाम, धनुषा

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण प्रदेशवासी तथा देशवासीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सदभाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।

सतीश कुमार सिंह
माननीय मुख्यमन्त्री
मधेश प्रदेश

# हिरा हेल्थकेयर होस्पिटलको उद्घाटन

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा दर्जनौँ होस्पिटलका बीच थप एक होस्पिटल संचालनमा आएको छ।

जनकपुरधाममा बुधबार हिरा हेल्थकेयर होस्पिटल प्रालिका संचालक हिरा यादवको धर्मपत्नी शीला देवी यादवले एक कार्यक्रम बीच उद्घाटन गरिन् ।



सो क्रममा सो होस्पिटलका निर्देशक डा. लवकुमार साहले मधेश प्रदेशमै न्यूनतम शुल्क लिई सेवा प्रदान गरिने जानकारी दिए। उनले मधेश प्रदेशबाट मात्रै वर्षेनि करोडौँ रुपैयाँ उपचारको नाममा बाहिरिने गरिएको हुनाले सोलाई मध्यनजर गर्दै न्यूनतम शुल्कमा सेवा उपलब्ध गराइने बताए । जसले गर्दा यहाँका सेवाग्राहीलाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यता नरहने उनले बताए।

सो होस्पिटल ५० शैय्याको रहने छ भने दर्ता प्रक्रियासमेत अन्तिम चरणमा रहेको उनले स्पष्ट पारे। उनले अत्याधुनिक आईसीयू, एनआईसीयू र पीआईसीयूलगायतका सुविधा समेत रहने छ।

निर्देशक डा. साहले मंसिर १ गतेदेखि विधिवतरुपमा होस्पिटलले आफ्नो कार्य संचालन गर्ने समेत बताए।

# राजविराज महोत्सवको तयारी पूरा

टुडे समाचारदाता

राजविराज । संस्कृति, पर्यटन, कृषि तथा व्यापार प्रवर्द्धनका लागि बिहीबारदेखि सप्तरी सदरमुकाम राजविराजको राजरंगशालामा सुरु हुने "राजविराज महोत्सव २०८१" को आवश्यक सम्पूर्ण तयारी पुरा भएको छ।

सो महोत्सव मुल आयोजक समितिले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी १५ कार्तिक बिहीबारदेखि सुरु हुने महोत्सवको सम्पूर्ण तयारी पुरा भएको जनाएको छ।

ड्रीम नेपाल युवा संघ सप्तरीको आयोजना तथा राजविराज नगरपालिकाको सहकार्यमा हुने महोत्सव कार्तिक २५ सम्म संचालन हुने महोत्सव मूल आयोजक समितिका संयोजक चीतरंजन यादवले जानकारी दिए।

सोमहोत्सवकोराजविराजनगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले उद्घाटन गर्ने भएको छ। आयोजित पत्रकार सम्मेलनमा संयोजक यादवले महोत्सवले



कला, संस्कृती, कृषि, पर्यटन, उद्योग ब्यापार र आर्थिक समृद्धिका लागि टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन्।

सो महोत्सवमा स्थानीय स्तरका विभिन्न उत्पादन र कला संस्कृति झल्किने वस्तु सहितका ४० वटा सो महोत्सवमा स्टलको व्यवस्था रहने ड्रीम नेपालका अध्यक्ष कमलकिशोर साहले बताए । महोत्सवमा स्थानीय तथा राष्ट्रियस्तरका कलाकारहरुको पनि प्रस्तुति हुने उनले बताए। उनले स्थानीय स्तरका उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता सामग्री विक्री गर्ने १० वटा व्यवसायीलाई महोत्सव स्थलमा निःशुल्क स्टल उपलब्ध गराईने निर्णय भएको समेत जानकारी दिए।

ड्रीम नेपाल युवा संघका सचिव मुस्तकिम आलमले महोत्सवमा प्रवेश शुल्क वापत ५० रुपैयाँ निर्धारण गरिएको बताए। यद्यपि ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरिक र संचारकर्मीका लागि भने प्रवेश पास निःशुल्क गरिएको उनले बताए।

त्यस्तै प्रवेश शुल्कमा खेलाडीलाई ५० र विद्यार्थीलाई ३० प्रतिशत छुटको व्यवस्था गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

६४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको महोत्सवका लागि विभिन्न संघ संस्था र पालिकाले सहयोग गर्ने आयोजकको विश्वास रहेको छ। महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न गर्न गेट, फिल्ड, मञ्च, खेल तमाशा, शान्ति सुरक्षा, स्टल, स्वयंसेवक परिचालन र निगरानी लगायतका विभिन्न १२ वटा उपसमिति समेत बनाइएको छ।

स्तै महोत्सवमा कुनै खाले अप्रिय र आपराधिक घटना हुन नदिन निगरानीका लागि १५ वटा सिसिक्यारा समेत जडान गरिएको आयोजक समितिले जनाएको छ।

# अझै फेरिएन नारायणी रङ्गशालाको स्वरुप

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-११ श्रीपुरका सुनिल राउत कुर्मीले घर नजिकै रहेको नारायणी रङ्गशालाबाट फुटबल खेलेर हुर्किनुभयो । सोही रङ्गशालामा खेलेको खेल कौशलले उहाँलाई २०६०/६१ सालमा त १९ वर्षमुनिको राष्ट्रिय फुटबल टोलीको सदस्य भएर पनि खेल्ने अवसर जुरायो। तर अहिले कुर्मीलाई आफैँलाई खेलाडी गराउन प्रेरित गरेको रङ्गशालाको जीर्ण अवस्था देखेर मन भतभती पोल्ने गरेको सुनाउनुहुन्छ।

"यही रङ्गशालामा फुटबल खेलेर हुर्कियौँ । तर,अहिले रङ्गशालाको जीर्ण अवस्था देखेर भने उदेक लाग्ने गर्छ," उहाँले भन्नुभयो, "रङ्गशाला बेहाल हुनुमा राष्ट्रिय खेलकुद परिषद्देखि स्थानीय सबै दोषी छन्। रङ्गशालाको पूर्वाधार निर्माण गरेर मात्रै हुँदैन । नियमित रेखदेख र संरक्षणको अभावकै कारणले अहिले बेहाल अवस्थामा आइपुगेको हो।"

कुर्मीले यही रङ्गशालामा हुँदै आएको विशाल गोल्ड कपदेखि अन्य विभिन्न फुटबल प्रतियोगितामा पनि सरिक हुनुभयो । कुर्मी अहिले नारायणी रङ्गशालासँगै रहेको गौतम माध्यमिक विद्यालयको खेलकुद प्रशिक्षकको रुपमा कार्यरत हुनुहुन्छ । "नारायणी रङ्गशाला अहिले पहिलोजस्तो रहेन । रङ्गशालाको तीनैतर्फका प्याराफिट भत्किएर धराप जस्तै भएका छन्। फुटबल खेल्ने मैदान पानी जमेर पौडी पोखरी जस्तै भएको छ," उहाँले भन्नुभयो, "रङ्गशालाको उचित संरक्षण र संवर्द्धन नहुँदा नयाँ पुस्ताका खेलाडी उत्पादनमा खडेरी परेको छ।"

काठमाडौँको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालापछिकै दोस्रो धेरै दर्शक अट्ने रङ्गशालाका रुपमा २०३८ सालमा नारायणी रङ्गशाला निर्माण गरिएको थियो । २०४२ सालमा तेस्रो राष्ट्रिय खेलकुद



हुँदा नारायणी रङ्गशाला तयार भएर सोही रङ्गशालामा सो प्रतियोगिता आयोजना गरिएको थियो । सुरुआती चरणमा १५ हजार दर्शक क्षमताको विकास गरिएको थियो । तराई-मधेश क्षेत्रकै ठूलो रङ्गशाला विगतमा राष्ट्रिय खेलकुद प्रतियोगितादेखि अन्य स्थानीयस्तरका विभिन्न गोल्डकप प्रतियोगिता पनि भएका थिए। पछिल्लो समय रङ्गशाला परिसरका प्याराफिटका भौतिक पूर्वाधार जीर्ण र चिराचिरा भएपछि भने खेलुकदका गतिविधि खासै हुन सकिरहेका छैनन्।

रङ्गशालाको तीनतर्फको प्याराफिटका पूर्वाधार जीर्ण रहेका छन् भने हालै निर्माण गरिएको दक्षिणतर्फको प्याराफिट राम्रो अवस्थामा भए पनि रङ्गशालाको मैदानको अवस्था भने अझै दयनीय छ। मैदानभरि घाँसले ढाकेको छ भने वर्षायाममा पानी जम्ने पोखरी हुने गर्छ। नियमित मर्मतसम्भार र जीर्णोद्धारको अभावमा रङ्गशाला जीर्ण बन्दै गएको हो। रङ्गशाला १८ विघा क्षेत्रफलमा फैलिएको छ।

वीरगञ्ज, महानगरपालिका, मधेश प्रदेश सरकार तथा सङ्घीय सरकारको यस रङ्गशालालाई व्यवस्थित गर्नेतर्फ ध्यान पुग्न नसकेको स्थानीयको भनाइ छ । अखिल नेपाल फुटबल सङ्घ पर्साका अध्यक्ष रोशन गुप्ता नारायणी रङ्गशाला जीर्ण भएर खण्डहर भएको बताउनुहुन्छ । "सुविधासम्पन्न मैदान भए पो नयाँ खेलाडी नयाँ जोश र जाँगरसहित खेल्न आउने थिए," उहाँले भन्नुभयो,"मैदान नै बेहाल भएपछि कसको पो नजर पर्ने रैछ र!"

रङ्गशालाको भौतिक संरचना भत्किएसँगै राष्ट्रिय खेलकुद परिषद्ले करिब एक दशकअघि रङ्गशालाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) समेत तयार पारेको थियो। सो डिपिआरअनुसार रङ्गशाला पुनर्निर्माणका लागि साढे दुई अर्बभन्दा धेरै रकम लाग्ने बताइएको थियो । सरकारले रङ्गशाला निर्माणका लागि आवश्यक बजेट विनियोजन नगर्दा रङ्गशाला दिन प्रतिदिन जीर्ण बन्दै गएको छ।

अध्यक्ष गुप्ताले नारायणी रङ्गशाला व्यवस्थित नहुँदा पर्साका फुटबलका गतिविधिमा असर परेको बताउनुहुन्छ। उहाँले भन्नुभयो," वीरगञ्जको आदर्शनगरमा एउटै मैदानमा फुटबल र क्रिकेट गराउनुपर्ने बाध्यता रहेको छ।" नारायणी रङ्गशाला यसअघि मध्यमाञ्चल खेलकुद विकास समिति मातहत पर्ने गर्थ्यो। तर, मुलुक सङ्घीयतामा गइसकेपछि समिति अस्तित्वमा छैन । नयाँ प्रावधानअनुसार मधेश प्रदेश परिषद् बनाउनुपर्नेमा अहिलेसम्म कानुनको अभावमा रङ्गशाला राष्ट्रिय खेलुकद परिषद् मातहत नै पर्ने गर्छ।

राखेपका अधिकृत मोहम्मद जेउल इस्लामले नारायणी रङ्गशालाको संरक्षण र रेखदेखमा स्थानीयबासी र सरकारी निकाय दुवैका कमीकमजोरी रहेको बताउनुभयो। "वीरगञ्जका स्थानीयवासीले रङ्गशालामा निर्माण गरिएका फलामका रड काटेर लैजानेसम्मको हर्कत गरेका छन्," उहाँले भन्नुभयो,"अब सबैले आआफ्नो कमीकमजोरीलाई सच्चाएर रङ्गशालालाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुने बेला आएको छ।"

राखेपका अधिकृत इस्लामले युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले नारायणी रङ्गशालाको पुर्ननिर्माणका लागि दातृ निकायसँग पहलकदमी गर्ने प्रयास गरिरहनुभएको बताउनुभयो । "खेलकुद मन्त्री केही समयअघि रङ्गशालाको स्थलगत अवलोकन गर्न आउनुभएको थियो । उहाँले दातृ निकायसँग समन्वय गरेर पुनर्निर्माण गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको छ,", उहाँले भन्नुभयो,"सबैको पहलकदमीको कारणले अबको केही समयभित्रै नारायणी रङ्गशाला निर्माणले प्राथमिकता पाउला कि भन्ने आशा जगाएको छ।"

सङ्घीय सरकारका प्रायः सबैजसो खेलकुद मन्त्रीले यस रङ्गशालाको स्थलगत निरीक्षण गरेका छन् । भ्रमणको क्रममा उहाँहरुले नारायणी रङ्गशालाको पूर्वाधार निर्माण आफ्नो प्रथामिकतामा रहेको बताउने गर्नुहुन्छ तर आवश्यक बजेट व्यवस्थापन नहुँदा यसको स्तरोन्नति हुन सकेको छैन।

**वीरगञ्ज क्रिकेट मैदानको हालत पनि उस्तै**

नारायणी रङ्गशाला परिसरभित्रै रहेको वीरगञ्ज क्रिकेट मैदानको पनि अवस्था उस्तै छ। चार विघा १८ कठ्ठा १५ धुर क्षेत्रफलमा फैलिएको क्रिकेट मैदान पनि मुआब्जा र संरक्षणको अभावले बेहाल अवस्थामा रहेको छ। पर्सा जिल्ला क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहले पनि वीरगञ्ज क्रिकेट मैदान मुआब्जा विवाद र बजेट अभावकै कारणले संरक्षण गर्न नसकिएको गुनासो गर्नुहुन्छ।

"चार कठ्ठा जग्गाको मुआब्जाको प्रक्रिया अघि बढाउन नसक्दा क्रिकेट मैदानलाई संरक्षण र रेखदेख गर्न सकिरहेका छैनौँ," उहाँले भन्नुभयो, "मुआब्जाको लागि आर्थिक स्रोत र आवश्यक प्रक्रिया अघि नबढ्दा पनि तारजाली गरेर व्यवस्थित गर्न सकिरहेका छैनौँ।"

वर्षायाममा फुटबल र क्रिकेट मैदानमा दुवैतर्फ व्यवस्थित ढङ्गले पानीको निकास नहुँदा पनि समस्या यथावत् नै छ। अहिले वीरगञ्ज क्रिकेट मैदानको 'पिच' निर्माणको काम भने अघि बढाइएको छ।रासस

# बीपी राजमार्ग सञ्चालनमा आएसंगै चहलपहल बढ्यो

टुडे समाचारदाता

जनकपुरधाम । असोजको दोस्रो सातामा आएको बाढीपहिरो, डुबानका कारण अवरुद्ध भएको बीपी राजमार्ग संचालनमा आएसंगै स्थानीय बजारहरुमा चहलपहल बढेको छ।

सिन्धुलीलगायतका विभिन्न ठाउँमा सडक बगाएपछि सुनसान नबनेको बर्दिबाससहितका बजार हरूमा राजमार्ग सञ्चालनमा आएसँगै चहलपहल बढ्न थालेको छ।

राजमार्गको मरम्मत तथा सम्भारपछि सञ्चालनमा आएसंगै बीपी राजमार्गमा सवारी साधनको चाप पनि बढ्न थालेको छ।

पूर्वी नेपाललाई राजधानी काठमाण्डुसंगै जोड्ने छोटो मार्गको रुपमा रहेको सो राजमार्गको मरम्मत तथा



सम्भारपछि यातायात सञ्चालनमा आएसँगै राजमार्ग प्रवेश बिन्दुको रुपमा रहेको बर्दिबासमा पुनः चहलपहल बढ्न थालेको छ।

सो राजमार्ग सञ्चालन भएपछि बर्दिबासमा रहेका होटल, लज तथा रेष्टुरेन्टहरु चल्न थाल्नुका साथै बजारमा सवारी साधनको चाप बढेको छ । जनकपुरधामका सर्वसाधारणलाई पनि बीपी राजमार्गको सञ्चालनले ठूलो राहत मिलेको यात्रुहरुको भनाइ छ । राजमार्ग सञ्चालन नहुँदा हवाई टिकट पाउन निकै समस्या थियो भने यहाँका नागरिक महगोमा यात्रा गर्नका लागि बाध्य थिए।

# बिपन्न दुईवटा माझि परिवारलाई घर हस्तान्तरण
## १ सय ४० वटा घर निर्माण गर्ने लक्ष्य

रञ्जन यादव

बारा । आवासका लागि सहयोग समूह 'लुमन्ती' ले जीतपुर सिमरा उपमहानगरपालिकाको सहकार्यमा दुई वटा घर निर्माण गरी माझि परिवारलाई हस्तान्तरण गरेको छ । एक कार्यक्रमकाबीच जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेल र उप प्रमुख भोला प्रसाद अधिकारीले संयुक्त रुपमा रिबन काटि घरको उद्घाटन गर्नुभएको हो । जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१९ मा बर्षौ देखि टुटेको तथा भत्केको माटो र खरले बनाईएको घरमा जसोतसो आफनो गुजारा चलाउँदैं आएका बिशन माझि र भुटन माझिको परिवारलाई एक।एक वटा नमुना घर हस्तान्तरण गरिएको लुमन्तिका सामाजिक परिचालक रबि तिबारीले जानकारी दिए। एउटा घरमा दुईवटा कोठा छन् । बिशन



माझिको ५ जनाको परिवार छ भने भुटन माझिको ४ जनाको परिवार छ। प्रत्येक घर लुमन्ती संस्थाको रु.दुई लाख र जीतपुरसिमरा उपमहानगरपालिकाको रु.एक लाखको लागतमा गरी कुल रु ३ लाखको लागतमा निर्माण भईरहेको छ । उपमहानगरपालिकाको वडा नं.९ ,११ ,१९ र २० मा १ सय ४० वटा घर निर्माण गर्ने योजना छ । दुई बर्ष भित्र घर निर्माण गरि हस्तान्तरण गरिसक्नुपर्ने किसीमले लुमन्तीले काम गरिरहेको जनाएको छ। जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१९ ठुलो मटियरीयामा भएको घर हस्तान्तरण कार्यक्रमको अध्यक्षता भुईया बाबा टोल उथानशिल बिकाश समितीका अध्यक्ष अर्जुन माझिको रहेको थियो । कार्यक्रममा वडा नं.१९ का वडा अध्यक्ष दिपेन्द्र कुमार क्षेत्री , जीतुरिसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछाने ,कार्य क्षेत्र संयोजक अब्दुल कैस ,मानवअधिकारकर्मी तथा पत्रकार बिदुर खड्का लगायत स्थानीयको सहभागिता रहेको थियो । लुमन्तीले देशका बिभिन्न ठाउमा स्थानीय तहसँग समन्वय गरी कम लागतमा भुकम्प प्रतिरोधात्मक ,बलियो र बाताबरण अनुकुल बाँसको घर निर्माण गर्ने गरेको छ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित बुधबार रामचोकमा दीपावलीका लागि बिक्री गर्न राखिएको सरसामान खरिद गर्दै सर्वसाधारण। तस्बिरः रासस

# किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप लगाइने

काठमाण्डु । सरकारले विद्यालय र विद्यालय बाहिर रहेका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध 'एचपिभी' खोप अभियान सञ्चालन गर्ने भएको छ।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले विद्यालयका कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका बालिका लक्षित गरी खोप अभियान सञ्चालन गर्न थालिएको जानकारी दिनुभयो। उहाँका अनुसार ती उमेर समूहका करिब १६ लाख ८८ हजार किशोरीले एचपिभी खोप लगाइने छ।



डा गौतमले खोप अभियान आगामी माघमा करिब १५ दिनसम्म सञ्चालन गरी प्रत्येक पालिकाका माध्यमिक तहका किशोरीलाई लगाइने जानकारी दिनुभयो। उहाँले नेपालमा पाठेघरको मुखको क्यान्सरविरुद्धको सबैभन्दा ठूलो अभियान हुने बताउनुभयो।

"विद्यालयमा रहेका किशोरीलाई विद्यालयमा खोप केन्द्र बनाएर 'एचपिभी' खोप लगाउने छौँ", उहाँले भन्नुभयो, "विद्यालय बाहिर रहेका किशोरिलाई भने स्वास्थ्य संस्थामा गएर खोप लगाउने गरी तयारी गरेका छौँ।"यसअघि सरकारले सात प्रदेशका एक-एक वटा सङ्घीय अस्पतालमा डेमोष्ट्रेसन (नमूना) का रुपमा 'एचपिभी' खोप नौ हजार नौ सय ९९ किशोरीलाई लगाएको थियो।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु हुने गरेकाले पाठेघरको मुखको क्यान्सरबाट किशोरीलाई बचाउन अभियान सञ्चालन गर्न लागिएको खोप शाखाका प्रमुख डा गौतमले उल्लेख गर्नुभयो। सरकारले निःशुल्क उपलब्ध गराउन थालेको भन्दै उक्त खोप बाहिर लगाउँदा करिब रु छ हजार पर्ने जानकारी दिनुभयो।

एचपिभी खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स'(गाभी) को सहयोगमा सरकारले खरिद गरेको हो। खोप शाखाका प्रमुख डा गौतमले अर्को वर्षदेखि एचपिभीलाई नियमित खोप अभियानअन्तर्गत राखिने जानकारी दिनुभयो। खोप एक पटक लगाएरपछि जीवनभरका लागि काम गर्ने भएकाले खोप अभियानमा सहभागी हुन किशोरीसहित अभिभावनलाई उहाँले आग्रह गर्नुभयो।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण 'ह्युमन प्यापिलोमा' नामक भाइरसको सङ्क्रमण रहेकाले यसको विरुद्ध खोप लगाउनुपर्ने बताउनुभयो।

उहाँले कलिलो उमेरमा विवाह गर्ने, उमेर नपुगी बच्चा जन्माउने, धेरै बच्चा जन्माउने, छोटो अन्तरालमा लगातार बच्चा जन्माउने, धेरै धूमपान तथा मद्यपान गर्ने, यौनाङ्गको सरसफाइमा ध्यान नदिनेलगायत कारणले ह्युमन प्यापिलोमा भाइरसको सङ्क्रमण हुने भएकाले यसबारे आवश्यक सावधानी अपनाउनुपर्ने बताउनुभयो। डा शाहीले खोप ९९ प्रतिशत प्रभावकारी रहेकाले सबै किशोरीलाई अभियानमा सहभागी भई खोप लगाउन आग्रह गर्नुभयो।

नेपालमा सबैभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर र त्यसपछि स्तन क्यान्सर रहेको स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाले जनाएको छ।रासस

# डढेलो र वायु प्रदूषणको जोखिम घटाउने कदम चाल्न सरकारको ध्यानाकर्षण



काठमाण्डु। नेपाल वातावरण पत्रकार समूह (नेफेज)ले मनसुन सकिएसँगैकाठमाडौंउपत्यकासहित मुलुकका अन्य सहरमा वायु प्रदूषणको ग्राफ उकालो लागेको र आगलागी-डढेलोका घटनामा वृद्धि भइरहेकाप्रति तिनै तहका सरकारको ध्यानाकर्षण गराएको छ।

नेफेजले बुधबार एक विज्ञप्ति जारी गरी काठमाडौँको वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य सङ्गठनको मापदण्डभन्दा १० गुणा बढी पुग्ने गरेको तथा सुक्खायाममा डढेलो र प्रदूषणका कारण शैक्षिक संस्थाको पठनपाठन स्थगित गर्नुपरेको विगतबारे स्मरण गराएको छ।"वनजङ्गलमा डढेलो लाग्न सुरु भइसकेको छ भने एक सातामा मात्र ३२ ठाउँमा आगलागी भएको गृह मन्त्रालय, आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्कले देखाउँछ", महासचिव कमलदेव भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

राज्य संयन्त्रले डढेलोको जोखिम घटाउन र वायु प्रदूषण रोकथामका लागि समयमा नै कदम चाल्न नेफेजले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ। वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग र सरोकारवाला निकायले 'वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६' प्रभावकारी कार्यान्वयनमा चासो दिनुपर्ने नेफेजको सुझाव छ। सवारी साधनको प्रदूषण जाँच पनि मौसमी हुने गरेको भन्दै नेफेजले यसलाई निरन्तरता दिन माग गरेको छ।

आगामी मनसुनअघिसम्म वायु प्रदूषण र आगलागी, डढेलोले विपद्को रुप लिने गरेको विगतका दृष्टान्त रहेकाले नेफेजले जोखिम घटाउने गरी प्रभावकारी कदम चाल्न सङ्घ, प्रदेश र स्थानीय सरकारलाई अपिल गरको छ। नेफेजले संविधानअनुसार वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत उल्लेख रहेको स्मरण गराउँदै रोकथाम र क्षति न्यूनीकरणका लागि अहिले नै तयारी थाल्न सरकारको ध्यानाकर्षण गराएको छ।रासस

# प्रहरीद्वारा चाडपर्व लक्षित विशेष निगरानी

काठमाण्डु । गृह मन्त्रालयले चाडपर्वलाई शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षा योजना लागू गरी उच्च सुरक्षा प्रदान गर्न निर्देशन गरेको छ। सुरक्षा समितिले आवश्यक निर्णय गरी शान्ति सुव्यवस्थाको काम अघि बढाएका छन्।

नेपाल प्रहरीले तिहार तथा छठ पर्व लक्षित विशेष निगरानी पनि बढाइसकेको छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले तिहार तथा छठ पर्व लक्षित विशेष निगरानी बताउनुभयो। आगलागी, नाचगान, देउसीभैलो र जुवातासका कारण हुने हारजित र झैझगडा, मदिरा खाएर रातीमा होहल्ला गरेर समाजलाई नै प्रभावित पार्ने तथा आपराधिक घटना हुनसक्नेतर्फ मध्यनजर गरी सुरक्षामा उच्च निगरानी गरिएको उहाँले बताउनुभयो।

देशैभरका जिल्लाका सुरक्षा समतिको बैठक बसेर जिल्लाको शान्तिसुरक्षाको अवस्थालाई मध्यनजर गर्दै देउसी भैलोको समय तोक्ने, हूल हुज्जत गर्ने समूहको निगरानी गर्ने, मादक पदार्थ खाएर सवारीमा हिँड्ने हुनाले सडक जाँचलाई थप सदृढ पारिएको प्रहरीले जनाएको छ।

प्रवक्ता कार्कीले भन्नुभयो, "पटाका र पटाकाजन्य पदार्थ विस्फोटक पदार्थका रुपमा रहेकाले कसैले पड्कायो हामी पनि पड्काउँ न त भन्ने हुनसक्छ, यो गतिविधि विस्फोटक पदार्थसम्बन्धी कसुरमा कारबाही हुन्छ। ओसारपसार भण्डारण बिक्री वितरण र प्रयोग सबैमा प्रतिबन्ध छ। तीन महिनादेखि १ वर्षसम्मको कैद सजायसम्म हुनसक्छ, क्षतिको क्षतिपूर्ति पनि भराइन्छ, त्यसैले यसमा भुलेर पनि कोही संलग्न हुनुहुँदैन।"

अर्को सामाजिक सञ्जालमा उच्छृ‌ृ ल कुराहरु राख्ने विषयमा पनि प्रहरीले अनुगमन बढाएको छ। उहाँले भन्नुभयो, "प्रहरीलाई के थाहा हुन्छ र भन्ने उद्देश्यले विगतमा गरेको पाइयो। फौजदारी कसुर हुने भएकाले समयमै ध्यान दिनु हुन अनुरोध छ। हामी तपाईंहरुको तिहार शान्तिपूर्ण होस् भनेर खटिएका छौँ, शान्तिपूर्ण रुपमा तिहार मनाउन अनुरोध गर्छु।"

उहाँका अनुसार तिहारमा प्राविधिक रुपमा निगरानी बढाइएको छ। भिडियो, साामाजिक सञ्जला, सिसिटिभीसहित सादा पोशाकमा प्रहरी परिचालन गरेर सुरक्षा निगरानी गरिरहको पनि प्रहरीले जनाएको छ।




सवारी चालकको अवस्था हेर्ने र कारबाही भइरहेको छ। दसैँअघि नै सुरक्षा योजना सार्वजनिक गरिएको थियो। त्यही कार्यान्वयनमा रहेको छ। यसअघि नै सामाजिक सञ्जालबाट पनि सार्वजनिक आह्वान गरिएको छ। यसपालि तिहारमा ४८ हजारको हाराहारीमा प्रहरी परिचालन गरिएको बताउँदै प्रवक्ता कार्कीले कोही प्रहरीलाई बिदामा नपठाइने बताउनुभयो।

"किरिया, बिरामीलगायत अत्यावश्यक काममा बिदामा पठाइन्छ, सामान्य अवस्थामा कोही प्रहरी बिदामा बस्दैनन्, सबै तिहार सुरक्षामा हुन्छन्, यो स्पष्ट निर्देशन नै छ", उहाँले भन्नुभयो।यसपालि दसैँमा भन्दा केही यातायात सहज रहेको तर कच्ची सडक, निर्माणाधीन सडक भएकाले जोखिम रहेको छ। ती सडकहरुमा समेत निगरानी बढाइएको र सुरक्षा टोली नै परिचालन गरेर यातायात सहज पारिने जनाइएको छ।

जथाभावी लापरबाहीपूर्ण तरिकाले, नशाको तालमा गाडी चलाउने अवस्थालाई पूर्णरुपमा निस्तेज पार्न सूक्ष्म निगरानी पनि भइरहेको छ। जुवा र जुवाजन्य गतिविधिमा कडा निगरानी गरिएको छ। गैरकानुनी गतिविधि गरेर हिरासतमा पुग्दा र अपराध मुद्दा लागेर तिहार नै नमिठो हुने हो की, कानुनी कारबाहीमा परिने हो कि, यसतर्फ ध्यान दिन कार्कीले अनुरोध गर्नुभएको छ।

बढी भाडा लिने अवस्थाको अन्त्य गर्न पनि निगरानी गरिएको र त्यस्ता गतिविधि भए तत्काल प्रहरीमा खबर गर्न अनुरोध पनि गरिएको छ। सोही अनुसार ट्राफिक प्रहरी समेत परिचालित भएका छन्।

**उपत्यका सुरक्षामा उच्च निगरानी**

काठमाडौँ उपत्यका प्रहरीले उपत्यकाको तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) का लागि एकीकृत रुपमा सुरक्षा योजना लागू गरी निगरानी बढाइएको छ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले यसपाली दसैँ अघि लागू गरिएको चाडपर्व लक्षित सुरक्षा योजना लाभदायी देखिएको बताउनुभयो।उहाँले भन्नुभयो, "आपराधिक घटना र दुर्घटनाबाट हुने क्षति कम भएको छ। तिहारमा पनि सोही अनुसारको सुरक्षा निगरानी गरिएको छ। संयुक्त सुरक्षा योजना लागू गरिएको छ।"

विस्फोटक पदार्थ भित्रिन नदिन उपत्यका भित्रिने नाकामा जाँचमा कडाइ, देउसीभैलोमा निगरानी स्थानीय प्रशासनसँग समन्वय गरेर ठाउँ जोखिम हेरेर सुरक्षाकर्मी परिचालन भएका छन्। जुवातास, अवैध मदिरा उत्पादन बिक्री रोक्न प्रहरी पूर्ण रुपमा परिचालन गरिएको छ। केही अघि मात्रै पटाका भित्र्याउने दुई जनालाई मुद्दा चलाइएको र उनीहरुबाट तीन बोरा पटाका बरामद गरिएको घिमिरेले बताउनुभयो। उपत्यकामा ५ हजारको हाराहारीमा सुरक्षाकर्मी परिचालित रहेको र आवश्यकता अनुसार रिजर्भ फोर्स तयार गरेर राखिएको पनि उहाँले बताउनुभयो।

काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले चाडपर्वहरुको यस अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला एवम् झैझगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवम् सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्नेलाई कानुन बमोजिम कारबाही गर्ने चेतावनी दिनुभएको छ।

उहाँले जुवातास, लङ्गुरबुर्जा खेल्ने/खेलाउने, भुइँचम्पा, पटका, आतसबाजी जस्ता विपद् जोखिम निम्त्याउने तथा वातावरण प्रदूषण हुने विस्फोटक एवम् प्रज्वलनशील पदार्थको प्रयोग, ओसार पसार, विक्री वितरण गर्ने जस्ता कार्य नगर्न/नगराउन पनि अनुरोध गर्नुभएको छ। उहाँले देउसी भैलोलगायतका सांस्कृतिक कार्यक्रमहरु मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्न सार्वजनिक आह्वान नै गर्नुभएको छ। यस्तै अन्य जिल्लाले पनि सुरक्षा अवस्थालाई ध्यानमा राखेर आवश्यक निर्देशन र अनुरोध सार्वजनकि गरी तिहारलाई शान्तिपूर्ण बनाउन अनुरोध गरेका गृह मन्त्रालयले जानकारी दिएको छ।

**उपत्यका ट्राफिकको ठाउठाउमा जााच अभियान**

काठमाडौँ उपत्यका ट्रफिक प्रहरीले चाडबाड लक्षित गरेरएक हजार पाँच सय ट्राफिक प्रहरी परिचालन गरी निगरानी गरिरहेको छ। १४ स्थानमा यात्रु सहायता कक्षा स्थापना गरिएको छ। ट्राफिक कम्युनिकेसन एप बनाइएको छ। त्यसमार्फत लामो दूरीमा दुईजना चालक राखेको छ कि छैन भनेर उपत्यकाको नाकामै निगारनी गर्न थालिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिनुभयो।उहाँका अनुसार त्यही एपमा प्रहरीले फोटो खिचेर हालेपछि ट्र्याक गर्न सकिनेछ। लागुपदार्थ सेवन (लापसे) र मादक पदार्थ सेवन (मापसे) परीक्षणमा जनशक्ति थपेर कडाइ गरिएको छ।


क्युआरटी र टिआरएस टोली परिचालन गरिएको छ, यो करिडोर व्यवस्थापनका लागि भएको उहाँले बताउनुभयो। उपत्यका भित्रिने १० नाकाहरुमा विशेष जाँच गर्न थालिएको छ।प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराकै कमाण्डमा २५ जना सहभागी कमाण्ड पोष्ट नै स्थापना गरी ट्राफिक व्यवस्थापनको काम गरिरहेको छ। रासस


# सिंहदरबार वैद्यखानाको अवस्थाप्रति नगरप्रमुख साहद्वारा चिन्ता प्रकट


काठमाण्डु । काठमाडौँ महानगरपालिका प्रमुख बालेन्द्र साहले सिंहदरबार वैद्यखाना विकास समितिको अवस्थाले समग्र मुलुकको अवस्था चित्रण गरेको भन्दै चिन्ता प्रकट गर्नुभएको छ।

बुधबार राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि दिवस एवं सिंहदरबार वैद्यखाना विकास समितिको ३० औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले देशको अर्थतन्त्रमा ठूलो योगदान पुर्याउने सम्भावना बोकेको संस्था अहिले आफैं थला पर्नु सोचनीय विषय भएको बताउनुभयो।"अहिले देश किन र कसरी डुब्यो, समस्या के हो भन्ने हेर्न मन भए सिंहदरबार वैद्यखाना हेरे पुग्छ", प्रमुख शाहले भन्नुभयो, "९० प्रतिशत सरकारी उद्योग कि त भाडामा दिइन्छ, भाडामा दिन सकिएन भने निजी संस्थाको प्रभाव र दबाबमा आएर त्यसलाई डुबाइन्छ।"

सरकारद्वारा सञ्चालित उद्योग कलकारखाना घाटामा जानाका कारण उल्लेख गर्दै उहाँले वैद्यखानालाई धराशयी पर्न नदिन सामूहिक पहलको आवश्यकता औँल्याउनुभयो। "आयुर्वेदिक उपचार पद्धति हाम्रो संस्कार र संस्कृति हो, जसरी हामीले सनातन धर्मलाई मान्छौँ त्यसरी नै मान्दै आएको विषय हो", उहाँले भन्नुभयो।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शुभकामना

बडा दशैं पछिको दोस्रो ठूलो त्यौंहार दीपावली (तिहार ) प्रारम्भ भएको छ । तिहारमा शहर नै झिलिमिली भएको छ । प्रायः हरेक घर सफासुग्घर बनाइएको छ । घरदेखि सडक सम्म सरसफाइ गरिएको छ । गच्छे अनुसार दीपावलीको तयारी भएको छ । दीपावलीमा धनधान्यकी देवी लक्ष्मीको विशेष रुपमा पूजा गरिन्छ । माता लक्ष्मीको पूजासँगै तिहारमा काग, कुकुर, गाई, भाईबहिनीको पनि पूजा गरिन्छ । सनातन धर्ममा लक्ष्मी पूजाको विशेष महत्व रहेको छ । लक्ष्मी पूजाको राति माता लक्ष्मी स्वयं धर्तीलोकमा विचरण गर्ने मान्यता छ । भगवान लक्ष्मीको आगमन घर, व्यवसायिक प्रतिष्ठान, उद्योग लगायत सम्म होस् भने कामनाका साथ श्रद्धा,भक्तिपूर्वक पूजा गरिन्छ । दीपावलीपछि नेपालको पहाडी भेगमा पर्वत्यौंहारको सिजन समाप्त हुने छ । ठाउँठाउँ र जातजाती अनुसारको पर्वत्यौंहारहरु भई नै रहन्छ । तराई मधेशमा भने दीपावली सम्पन्न भएसंगै छठ पर्वको तयारी सुरु हुन्छ । हुन त छठको तयारी दशैंदेखि नै सुरु हुन्छ । तराई मधेशमा मात्र नभई ठूला शहरहरुमा पनि दीपावलीमा महँगो वस्तुहरुको विक्रीमा कमी आएको छ । सवारी साधन, सुनलगायतको मुल्यमा भएको भारी वृद्धिको प्रभाव व्यापक देखिएको छ । दीपावलीको धनतेरसको दिन खासगरी सुनचाँदी, तामा, पित्तल, सवारी साधनलगायतका वस्तुहरु खरिदमा विशेष ध्यान दिने गर्छन् । धनतेरसको दिनलाई धातु र धातुबाट निर्मित वस्तुहरुको खरिदलाई शुभ मानिन्छ । तर बजारमा भीड देखिए पनि पूजा सामग्रीको खरिदमा ग्राहक केन्द्रित थिए । बजारमा हरेक वस्तु महँगिएको छ । उपभोक्ताको पहुँचलाई महँगीलाई वस्तु भन्दा टाढा राखेको छ । मानिसमा घट्दो क्रयशक्ति र बढ्दो महँगीले बजारको सन्तुलन बिग्रिएको छ । बजारमा सरकारको नियन्त्रण नै छैन । व्यवसायीहरुको मनपरीले उपभोक्ताहरु खल्ती खोल्न डराएका छन् । देशमा अनेक प्रकारको राजनीतिक घटनाक्रमले उथलपुथलको संकेत दिइरहेको छ । त्यसले पनि सबै क्षेत्र प्रभावित भइरहेको छ । पर्वत्यौंहारपछि राजनीतिक उथलपुथल हुने अनुमान गरिदैं छ ।त्यसले पनि मानिसहरुमा चिन्ता बढेको देखिन्छ । आमजनको विश्वास राजनीतिक दलहरुप्रति कम हुन थालेको छ । एउटा सरकारले काम गर्न नपाउँदै अर्को सरकार गठनको चर्चा सुरु हुने गरेको छ । देशमा शान्ति सुरक्षाको अवस्था भरपर्दो देखिए पनि आर्थिक अवस्था अत्यन्त कमजोर भएको छ । विदेशी भूमिमा सीप र श्रम बेचेर नेपालमा ल्याइने रेमिट्यान्सले मात्र कहिलेसम्म देशको आर्थिक अवस्था धान्न सक्छ ? यस्ता थुप्रै समस्याहरुबीच दशैं सम्पन्न भएको छ । तिहार मनाइँदै छ । माता लक्ष्मी सबैको घरमा बास गरुन्, मंगलमय शुभकामना ।

### एउटा धार्मिक यात्रा :

# जनकपुरधाम टू अयोध्याधाम



डा. रामसागर पंडित

जनकपुरधाम र अयोध्याधामको सम्बन्ध प्राचीनकालमा रामसीताको वैवाहिक सम्बन्धले अझ प्रगाढ भएको पाइन्छ । मिथिलाका राजा राजर्षिजनक र अध्योध्याको महाराजदशरथ आ-आफ्ना ठाउँमा निकै प्रसिद्ध थिए । यी दुबै राजपरिवारहरू हिन्दु धर्मभित्रका वैष्णव सम्प्रदायका थिए । हिन्दु धर्मावलम्बीहरू पनि विभिन्न सम्प्रदायमा विभक्त छन् । वैष्णव धर्मको अर्थीतर जाँदा आफ्नो आराध्य देवका रूपमा विष्णुको उपासना गर्ने व्यक्ति, विष्णुका भक्तलाई जनाउँदछ । राम त्यही विष्णुका विभिन्न अवतारमध्ये एउटा अवतारका रूपमा प्रकट भएका थिए । राम लगायत चारै भाइको विवाह यही जनकपुरधामका तत्कालीन राजाजनक भनिने शिरध्वज र भाइ कुशध्वजका सुपुत्रीहरूसँग भएको थियो । त्यही वैवाहिक सम्वन्धले गर्दा यी दुबै धामको महत्व निकै उँचाइ पाएका छन् ।

हाल न त्यो मिथिलाको जनकपुरधाम छ न त अयोध्याको अयोध्याधाम नै । तर त्यसबेलाका यी राज्यहरू सत्य, धर्म र नैतिकतामा बसेर काम गरेको हुनाले आज पनि हामी त्यसलाई अनुशरण गर्न बाध्य छौं । हुनत हिन्दु धर्मले वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिलाई आफ्नो धर्मको आधार मान्ने गरेको छ । त्रेतायुगमा यसै आधारलाई अपनाएर ठूलूठूला अन्यायी तथा अत्याचारी राक्षसहरूलाई बध गर्न सफल भएका थिए । त्यसैले होला, विश्वका हिन्दुहरू मात्र होइनन् अन्य धर्मावलम्बीहरू समेत जनकपुरधाम र अयोध्याधाममा एक चोटी अवश्य तीर्थाटन गर्न चाहन्छन् । हिन्दुशास्त्रका विभिन्न धार्मिक ग्रन्थहरूमा समेत यी दुबै तीर्थास्थलका महत्वबारे विस्तारमा वर्णन गरिएको देखिन्छ । अर्कोतीर हिन्दुधर्म विश्वमा सबै धर्मभन्दा पुरानो धर्म भएकोले पनि यसको महत्ता उच्च देखिन्छ । यी दुबै धर्मस्थलमा स्नान र दर्शनबाट मोक्षको प्राप्ति हुन्छ भने जनविश्वास छ । आजको जनकपुरधाम र अयोध्याधामलाई सन्तमहन्थले निर्माण गरेका छन् ।

अब प्रसँग बदलौं । यी दुबै धामको तीर्थाटनतिर लागौं । यस पालिको दशै जनकपुरधाममा नै विताएर २०८१ कार्तिक १ गते म, मेरी श्रीमति, जेठी छोरीज्वाई, भान्जा र उसकी श्रीमति तथा छोरी जम्मा सात जनाको समूह सीतामढीबाट सद्भावना एक्सप्रेसद्वारा भोलिपल्ट साँझतिर अयोध्याधाम पुग्यौं । हुन त यो एउटा विशुद्ध धार्मिक यात्रा थियो । यो सद्भावना एक्सप्रेस रक्सौलबाट दिल्लीसम्मका लागि सप्ताहमा एक दिन प्रत्येक विहिवार राती १:३० मा खुल्ने गर्छ । ट्रेनको यात्रा हवाइयात्रा जस्तो नभएपनि अन्य बाँकी यात्राका साधनभन्दा आरामदायी नै मानिन्छ । विहिवारको रातिको खाना हामी सीतामढीमा खाएका थियौं भने बाँकी खाना ट्रेनमा नै खायौं ।

हाम्रा मनमा अयोध्याधाम बारे विभिन्न किसिमका कुराहरू खेल्ने गर्थे । पुरानो आयोध्या कस्तो थियो होला, हालको आयोध्या कस्तो रहेछ ? निर्माण सकियो कि बाँकी छ । यस्ता अनेकौं प्रश्नहरू मनमा खेली रहेका थिए । पुगेको पहिलो दिन अर्थात् शुक्रवार हामी होटलको बास र खानाभन्दा अन्य कही गएनौं । भोलि विहान ७ बजे हामी सबैजना स्थानीय बसमा सबार भै सरयू घाट पुग्यौं । त्यहाँ रामका परिवारमध्येका सबैका नामबाट घाटको नामाकरण भएका छन् । हामी शुरूमा रामघाटमा पुग्यौं । त्यहाँ बढी भीड रहेको हुनाले केही पश्चिममा लक्ष्मणघाटतिर लाग्यौं र त्यही सबैजना बडो आन्दपूर्वक सरयू नदीमा स्नान गर्‍यौं । स्नान सकेपछि घाटमा रहेका ब्राह्नण द्वारा पूजाआर्चा सकाइ हामी डुंगाको सैयामा लाग्यौं । लगभग आधा घण्टाको सयरबाट पुनः लक्ष्मण घाटमै ओर्लियौ ।


अब हामी सबैजना टैम्पुमा चढेर हनुमानगढी पुग्यौं । हनुमान गढीमा धेरै टाढासम्मको लाइन थियो । हामी सबैजना माला, प्रसाद लिइसकेपछि लाइनमा लाग्यौं । लगभग २ घंटापछि दर्शन गर्ने मौका पायौं । रामभक्त हनुमानको दर्शनपछि हामी अनुभूति गर्न थाल्यौं कि भक्त सबैभन्दा ठूलो हुँदो रहेछ । भनाइ पनि छ 'भक्त के बस में है भगवान' । त्यहाँबाट हामी रामजन्मभूमितिर लाग्यौं । रामजन्मभूमिमा रामलाई दर्शन गर्न पनि लाइनमा बस्नु परेको थियो । अशक्त र बृद्धबृद्धाका लागि ठेलाको व्यवस्था पनि गरिएको थियो । गेटभन्दा गर्भगृह अलिकति टाढै थियो । विस्तारै हामी गर्भगृहसम्म पुग्यौं । फोटो तथा टी.भी. मा देखेको रामलाई साक्षात दर्शन गर्न पाउँदा निकै बिभोर हुँदै थियौं । रामगर्भगृहमा अन्य मन्दिरभन्दा बेग्लै किसिमको व्यवस्था थियो । त्यहाँ कुनै किसिमको माला, प्रसाद तथा अन्य चढौना लग्न निषेध गरिएको थियो । दर्शन सकेपछि सबै श्रद्धालुलाई रामट्रस्टबाट नै प्रसादीको व्यवस्था गरिएको थियो । जो सबैले बडोश्रद्धासाथ लिइरहेका थिए ।


दर्शन सकिएपछि खानाका लागि हामी होटलतिर लाग्यौं । मन्दिर नजिकैको एउटा होटलमा हामी खाना खायौं । हुनत राममन्दिरको कम्पाउण्डभित्रै पनि निःशुल्क खानाको व्यवस्था मिलाइएको थियो तर हामीहरू त्यतातिर गएनौं । त्यसपछि अयोध्याधामको मार्केटमा केही सरसमान किन्नेतिर लाग्यौ । यस्तै घुम्दाघुम्दै साँझ पर्न गयो । हामी सोचेका थियौं कि अयोध्याको निर्माण सकेको होला र एउटा नयाँअयोध्या हेरेर फर्कौला तर अहिले अयोध्या निर्माणाधीन अवस्था मै रहेको छ । मेरो अनुमान अनुसार यसको निर्माण सम्पन्न हुन कम्तिमा पाँच वर्ष लाग्ने छ । स्टेशन, सडक, मन्दिर, सार्वजनिक भवन, एअरपोर्ट, घाट नदी आदी इत्यादी चारैतिर काम हुँदै अगाडी बढेको हेर्न पाइन्छ । रामजन्मभूमि परिसरका गर्भगृह बाहेकका भवन र मन्दिरहरू निर्माणाधीन अवस्था मै छन् । पाँच वर्ष पछि अयोध्या एउटा नमूना धार्मिक शहरको रूपमा हेर्न पाइने छ ।

अयोध्याका मुख्य/मुख्य स्थलदेखि सकेपछि भोलिपल्ट अर्थात कार्तिक ४ गते आइतवार हामी अयोध्याका वरिपरि रहेका रामपरिवारसँग सम्बन्धित स्थलहरू हेर्न शुरू गर्‍यौं । सबैभन्दा पहिले हामी मणीपर्वत अवलोकन गर्दै सीताकुण्ड हेर्न पुग्यौ । यस कुण्डलाई निकै सुन्दरतासँग सजाइएको हुनाले वडो शान्ति महसूस गर्‍यौं । त्हाँबाट हामी भरत कुण्डतिर लाग्यौ । लगभग १ घंटा पछि हामी भरत कुण्ड पुग्यौं । भरत कुण्ड पनि अति मनमोहक रहेछ । त्यसको भिण्डामा रहेको भगवानको मन्दिर अझै बढी सुन्दर रहेछ । त्यहाँ हामी पूजापाठ गरेर प्रोहितबाट दिएका प्रसाद खाइसकेपछि भरत कसरी भुइँ मुनि खाल्डो खनी गुफामा १४ वर्ष आफ्नो जीवन बिताउनु भयो । प्रष्ट रूपले हेर्न पायौं । राम वनवासबाट फर्केपछि सबैभन्दा पहिले भरतलाई भेटन त्यही पुग्नु भएको थियो । रामभरतको मिलनको सबैलाई त्यसबेलाको वास्तविक मिलनलाई याद गराएको थियो । चारै भाइ र तीनै आमाहरूका प्रेम हेर्दा अहिले पनि जीवन बाच्न सहज बनाइ दिन्छ । साना साना कुराका लागि भाइ-भाइ बीच झगडालाई शुन्यमा झार्न यस्ता प्रेम हामीलाई उपदेश दिएको पाइन्छ । त्यहाँबाट हामी सोझै लजतिर फर्‍यौं । केही समय फ्रेस हुन लगाइ पुनः रातिको खाना खान होटलतिर लाग्यौं । भोली विहान हामी दशरथ समाधि स्थल, रामको सरयु नदीमा मोक्ष गमन, ऋृंगी ऋषिको कुटी, आदि स्थलहरू हेर्‍यौं ।

भोलिपल्ट अर्थात ४ गते बेलुकातिर स्टेशन पुगी रेल समात्यौं । रेलबाट साँझ ६:३० बजेतिर बनारस पुग्यौं । हामी सोमवार अर्थात ५ गते कासी विश्वनाथ महादेवको दर्शन गर्ने लक्ष्य बनाएका थियौं । त्यही योजना अनुसार विहानै उठी ७ बजेतिर हामी विश्वनाथ महादेब दर्शन गर्न मठतिर लाग्यौं । नजिक पुगेपछि एउटा फूलमाला बेच्ने कहाँ निषेधित सरसमानहरू त्यही राखेर फूल, माला, प्रसाद आदिकुरालिएर मठतिर जान एउटा गल्लीसम्म हुँदै अगाडी बढ्यौ । यस कुरामा फूलमाला बेच्ने मानिसले एक जना केटालाई पठाइ सहयोग गरेको थियो । लगभग २ घंटामा हामी विश्वनाथ महादेवको आँगनमा पुग्यौं । विस्तारै महादेवको दर्शन गरेर फर्किन लाग्दा गेटमै अवस्थित अन्नपूर्णा माताको दर्शन गरेर त्यही अन्नपूर्णा माताकै नाममा सदावर्त खाना खुवाउने व्यवस्था रहेकोले हामी पनि सो प्रसाद खान पुग्यौं ।

त्यहाँबाट हामी बजारतिर केही किनमेल गरेर पुनः त्यहीदिन ट्रेन समात्न स्टेशन पुग्यौ । बनारसमा जम्मा चारवटा स्टेशन रहेछन् । हामी बनारसजक्सन पुग्यौ । हामी दिल्लीबाट आउने रेलमा चढयौं । यो रेल डाइरेक्ट जयनगरसम्म पुग्ने रहेछ । यसको रूट बनारसबाट छुटेपछि बलिया, छपडा, सोनपुर, हाँजीपुर, समस्तीपुर, दरभङ्गा, मधुवनी हुँदै जयनगर आएको थियो । हामी राती १:३० बजे जयनगर स्टेशनमा आर्लियौं । हामी त्यहाँ ३ घण्टा बितायौं र त्यसपछि हामी टैम्पु लिन स्टेशन बाहिर आयौं । लगभग ५ बजे विहान हामी टैम्पुबाट महिनाथपुर बोर्डरको लागि निस्कियौं । महिनाथपुर बोर्डरबाट पुनः तिनकौरिया चौक हुँदै हामी जनकपुर पुग्यौं । यसरी हाम्रो एउटा धार्मिक यात्रा सकियो ।





जनकपुरधाम र अयोध्याधामको बीच एउटा बडो मीठो सम्बन्ध छ । यस सम्बन्धलाई अहिले पनि अयोध्यावासी र जनकपुरबासी निरन्तरता दिएका छन् । प्रत्येक वर्ष जनकपुरधाममा हामी वडोधूमधामका साथ रामनवमी र सीताराम विवाह उत्सब मनाउँदै आई रहेका छौं । यसबाट अहिले पनि त्रेतायुगमा भएको जन्म र विवाहको याद गराइरहेका छन् । विश्वका हिन्दु धर्मावलम्बीहरूका लागि यी दुबै स्थल अति पवित्र स्थलको रूपमा रहेका छन् । हामीलाई वर्तमान युगमा पनि रामसीताको चरित्रले भविष्यको बाटो डोर्‍याई रहेको छ । कतिपयले रामलाई एउटा राजाको रूप हेर्ने गर्छन् भने कतिपयले विष्णुको अवतारि रूपलाई हेर्ने रहेछन् । जो जस्तो रूपले हेरे पनि वहाँको जीवनले हामीलाई धर्म, सत्य, नैतिकताको बाटो देखाइ रहेका छन् । मानिस यस्ता चरित्रबाट आफ्ना परिवार, समाज र देशलाई समेत सही वाटोमा अगाडी बढाउन सहयोग भेटिरहेको छ । हामी त्यस्ता चरित्रलाई कोटी-कोटी नमन गर्छौं । ईतिश्री ।

# तिहारमा दाजुभाइलाई स्वस्थ उपहार



डा अरूणा उप्रेती

नेपालीले सांस्कृतिक पर्व तिहार ढोकामा आएको छ । यस पर्वलाई दाजुभाइ र दिदीबहिनीबीच विभिन्न उपहार पनि लिनेदिने पर्वका रुपमा पनि लिने गरिन्छ । दिदीबहिनीले दाजुभाइको दीर्घायु र सुस्वास्थ्य कामना गर्ने पर्व हो, तिहार । दाजुभाइलाई विभिन्न किसिमका भाइमसला मिठाईका परिकार खुवाउने, टीका लगाउने, पूजा गर्ने र त्यसपछि दाजुभाइले पनि दिदीबहिनीलाई स्नेहपूर्वक उपहार दिने एकदमै राम्रो चलन हो । यो चलनलाई जोगाउनुपर्छ । तर यो पर्व मनाउँदै गर्दा विभिन्न मसला र भोजन दाजुभाइलाई दिदा त्यस्तो भोजन कस्तो तरिकाले बनाइएको र कस्तो तेल प्रयोग गरिएको छ भनेर विचार चाहीँ गर्नुपर्छ ।

तेलको गुणस्तरले भोजनको गुणस्तरमा पनि असर पार्ने हुँदा आफूले प्रेमपूर्वक दिएको खानेकुराले कुनै असर नगरोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । बारम्बार एउटै तेलको प्रयोग गर्दा त्यसमा नराम्रो खालको चिल्लो उत्पन्न हुन्छ । त्यसले मुटु र कलेजोलाई हानि पुर्‍याउँछ । यस्तो खाना खाएपछि दाजुभाइलाई समस्या उत्पन्न हुनसक्छ । त्यसमाथि पनि मधुमेह, उच्च रक्तचापको समस्या भएका व्यक्तिहरुमा झन् समस्या थपिन सक्छ । त्यसैले दिदीबहिनीले सबैलाई स्वास्थ्यकर हुने घरमा बनाइएका खानेकुराको बढी प्रयोग गरे दाजुभाइलाई 'माया' गरेको ठहरिन्छ ।

तिहार पर्व मनाइरहँदा सन्तुलित र स्वस्थ खानेकुरातर्फ ध्यान दिन जरुरी छ । यो बेलामा विभिन्न तरिकाले बनाएका बढी मासु खाँदा स्वास्थ्यमा समस्या पनि आउन सक्छ । धेरै चिल्लो, मसला र पिरो राखेर पकाएको मासु स्वादिष्ट त हुन्छ । भात, रोटी, चिउरासँग त्यो स्वादिष्ट मासु खाएर पेट टन्न हुँदा पनि जिब्रो अघाएन र जिब्रोले स्वाद खोज्यो भन्दै पुनः थपेर खाँदा पेटको स्वास्थमा असर गर्छ । जिब्रोको स्वादका आधारमा यसरी मासु र धेरै परिकार तथा अन्य खानेकुरा खाँदा स्वास्थमा अनेक समस्या आउन सक्छ । त्यसैले संयमित भएर भोजन गर्नुपर्छ ।

पर्वका बेला कहिलेकाहीँ धेरै स्वादिष्ट मसलेदार मासु खाएको खण्डमा बिहान टन्न खाएमा दिउँसो खाजा नखाँदा पेटलाई आराम हुन्छ । पेट अटसमटस हुने गरी मासु खाँदा झाडापखाला लाग्ने, पेट दुख्ने समस्या निम्तिन सक्छ । मासुमा रेशादार तत्व हुँदैन । त्यसैले मासुसँगै हरियो सागसब्जी, दही, गेडागुडी, दाल फलफुल अनिवार्य रुपमा मिलाएर शरीरलाई चाहिने मात्रा सेवन गरेर सन्तुलित आहार खाँदा स्वस्थ बन्न सकिन्छ । यस्तो साधारण कुराको ज्ञान राखेर दिदीबहिनीले दाजुभाइलाई कसरी स्वस्थ बनाउने पनि विचार गर्नुपर्छ ।

पहिला नेपालीलाई मासु खानका लागि दशैं, तिहारजस्ता चाडपर्व नै कुर्नुपर्थ्यो । आजभन्दा ४४-४५ वर्षअघि दशैं, तिहारमा मासुभात, मासु चिउरा, मिठाइ खान पाइन्छ भनेर खुशी भइन्थ्यो । यही बेलामा मात्रै मन लागे जति मासु खान पाइन्थ्यो । अरुबेलामा त एक पाउ ल्याएर परिवारले खाने भएर होला, दशैं, तिहारको बेला धेरै मासु खाने चलन थियो । अहिले मासु खान दशैं, तिहारजस्ता चाडपर्वमा पर्खिनु पर्दैन । दैनिक जीवनमा पनि हप्तामा एक/दुई चोटी मासु प्रायः धेरै परिवारमा पाक्छ । मासु मात्रै लगातार खाने अनि दाल, गेडागुडी, हरियो सागसब्जीलाई बेवास्ता गर्दा कब्जियतको समस्या हुन्छ । शरीरलाई चाहिने प्रोटिन तत्व प्राप्त गर्नका लागि सबै खानेकुरालाई मिलाएर खानुपर्छ ।

चाडपर्वको बेला मासु बढी खाने तर अन्य स्वस्थकर खानेकुरालाई बेवास्ता गर्दा मधुमेह, युरिकएसिड, अत्याधिक मोटोपन, ग्यास्ट्रिक भएकाहरुलाई झन् समस्या पर्छ । विदेशतिर काँचो मासु काटेर डिप-फ्रिजमा राख्छन् र आफूलाई चाहिएका बेला निकालेर पकाउँछन् । हामीकहाँ चाँहि धेरै मासु एकैपटक पकाएर फ्रिजमा राख्ने, त्यसपछि पुनः खानेबेलामा सबै निकालेर एकैचोटी तताउने, चाहिएको खाने अनि फेरि फ्रिजमा राख्ने गरिन्छ । यसरी फ्रिजमा राख्दै, बाहिर निकाल्दै खाने अनि फेरि फ्रिजमा राख्ने गर्दा मासुमा भएको पौष्टिक तत्व र गुणत्मकता घट्छ । खानामा विषालु तत्व उत्पन्न पनि हुनसक्छ । धेरै मासु एकैचोटी ल्याएर डिप-फ्रिजमा काँचो मासु राख्ने, जति चाहिन्छ, त्यति मात्रै निकालेर पकाउने गर्नुपर्छ । सकेसम्म जुनसुकै खानेकुराहरु फ्रिजमा राखेको २४ घण्टादेखि ४८ घण्टाभित्र खानुपर्छ । अहिले नसर्ने रोगहरुको बिगबिगी बढेकाले दाजुभाइको स्वास्थमा राम्रो फाइदा गर्ने भोजन दिनुपर्छ ।

यदि कोही दाजुभाइहरु शाकाहारी छन् भने उनीलाई

> तिहारमा रमाइलो गरेर मनाइरहँदा स्वास्थ्य अवस्थालाई चाहिँ ध्यानमा राख्नुपर्छ । यो बेला चिल्लो धेरै खायो भने विरामी परिन्छ । त्यसको असर दीर्घकाल रुपमा पनि पर्न सक्छ । पाँच/छ फिटको शरीरको लागि तीन चार इञ्चको जिब्रोले "कन्ट्रोल" गर्न नसक्दा समस्या पर्छ ।

दही, दुध, पनिर, च्याउ, तोफु, फापर, विभिन्न थरिको रोटी, ढिँडो, चिउराका परिकार आदि खानेकुरा मिलाएर भोजन गराउँदा स्वाद र स्वास्थ दुवै पाइन्छ । तिहारमा चाडपर्वमा मिठाई कोसेली लैजान त बन्द नै गर्नुपर्छ । मैले त घरमा आउने पाहुनालाई 'मिठाइ ल्याउँदा पनि नल्याउनुहोस' भनेको छु । म पनि अरुकोमा जाँदा फलफूल नै लैजान्छु । फलफूल लैजान सजिलो पनि छ । अलि सम्मान गर्ने व्यक्तिको घरमा जाँदा काजु लैजान्छु । गाउँबाट ल्याएको तामा, कोदो, फापर लैजान्छु । तिहारमा म कहिल्यै मिठाइ किन्दिन । अरुलाई उपहार दिंदा पनि दिन्न ।

तिहारमा रमाइलो गरेर मनाइरहँदा स्वास्थ्य अवस्थालाई चाहिँ ध्यानमा राख्नुपर्छ । यो बेला चिल्लो धेरै खायो भने विरामी परिन्छ । त्यसको असर दीर्घकाल रुपमा पनि पर्न सक्छ । पाँच/छ फिटको शरीरको लागि तीन चार इञ्चको जिब्रोले 'कन्ट्रोल' गर्न नसक्दा समस्या पर्छ । दाजुभाइले पनि आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर खानपिन गर्नुपर्छ । यो बेला मासु तरकारी, दालभात, विभिन्न किसिमका परिकारहरु खाइन्छ । भोजनले पेट भर्ने मात्र होइन, यो आनन्द पनि जोडिएको छ । पेट भर्ने घर परिवारसँग पाहुनालाई सँगै खाँदा छुट्टै आनन्द आउँछ । तर यस्तो बेला खानेकुरामा एकदमै विचार गर्नुपर्छ । दाजुभाइलाई पाहुना बोलाएको बेला विशेषगरी मासु एकदमै चिल्लो र मसलादार साथै हेर्दा राम्रो लाग्ने गरी बनाइन्छ । तर यस्तो मासु धेरै खाँदा स्वास्थमा असर गर्छ भन्ने कुरा बुझ्नुपर्छ । स्वास्थ्यलाई नराम्रो असर पर्ने कुराहरु सकेसम्म दाजुभाइलाई पर्वको बेला दिनु हुँदैन । मासु र भात पकाएर खाँदा पेट भरिए पनि मुख भरिएको छैन भनेर खाइन्छ ।

पर्वको बेला धेरै चिल्लो, गुलियो पदार्थहरु चिसो पेयपदार्थहरु, मिठाइहरु खाँदा मानिसहरुको शरीरमा विशेषगरी कलेजोमा बोसो जम्ने समस्या हुन्छ । त्यही कारणले पनि चाडपर्वमा मासुदेखि मिठाइसम्म चिसो पेयपदार्थदेखि अन्य पेय पदार्थहरुसम्म सेवन गर्दा धेरै विचार गर्नुपर्छ । जुन वस्तुले स्वास्थ्यमा राम्रो असर पार्छ, त्यही खानुपदर्छ । तिहारको बेला 'ड्राइफुड्स'का विभिन्न प्रकार जस्तैः काजु किसमिस, बदाम, ओखरको प्रयोग गरेर परिकार बनाउन सकिन्छ । यिनीहरु एकदमै स्वास्थ्यवर्द्धक खानेकुरा हुन् । तर यी खानेकुराको प्रयोग एकैपटक धेरै गर्नु भने हुँदैन । अलिअलि थोरैथोरै हरेक दिन खाने गरेमा स्वास्थमा सकारात्मक असर पर्छ । भाइमसलामा शरीरलाई चाहिने पौष्टिक तत्व प्रशस्त मात्रामा पाइन्छ । यस्तो खानेकुराको प्रयोग हामीले हलुवा, खिरमा मिसाएर पनि खान सकिन्छ । यसको प्रयोगले खानेकुरा मीठो र स्वस्थकर हुन्छ ।

भाइमसलाहरु महँगो हुन्छ । काजु, ओखर आदि थोरै थोरै धेरै प्रकारका खानेकुरा बनाएर खाए पनि पुग्छ सकिन्छ । सस्तो बदामलाई गरिबहरुको काजु भनिन्छ, तिहारमा 'बदाम' प्रयोग गरेर विभिन्न परिकार बनाउन सकिन्छ । यो बेलामा दाजुभाइलाई बाहिरबाट ल्याइएका खानेकुरा दिनुभन्दा घरमा नै बनाइएका विभिन्न प्रकारका खानेकुरा स्वस्थकर हुन्छ । बाहिरबाट ल्याइएका प्याकेटका खानेकुरा उपहार दिंदा दाजुभाइको स्वास्थ्यलाई झन् नकारात्मक असर पार्छ । यस्ता खानेकुरा ल्याएर दाजुभाइलाई 'माया गरेको' नठाने हुन्छ ।

हामीले तिहार पर्व दाजुभाइको दीर्घायु र सुस्वास्थ्यको लागि मनाउँछौं । त्यसैले उनीहरुको स्वास्थ्यको ख्याल राख्नु दिदीबहिनीको कर्तव्य हो । अहिले उपहारमा पनि अनेक फलफूलको जुस होइन, स्थानीय फलफूल नै दिनुपर्छ । बट्टाको फलफुलको जुसले शरीरमा धेरै बेफाइदा गर्छ । बट्टाको जुसहरुमा एकदमै धेरै चिनीको मात्रा हुन्छ । अहिलेको समयमा चिनीको प्रयोगले मानिसहरुलाई विभिन्न किसिमका समस्या आइपरेका छन् । त्यसमाथि यदि कसैका दाजुभाइ मधुमेहका बिरामी छन् भने त झनै समस्या हुन्छ । त्यसकारणले बारीमा, पसलमा सजिलै पाइने अम्बा, सुन्तला, अमला हलुवाबेदजस्ता खानेकुराले दाजुभाइको तिहार विशेष बनाऔं । खानेकुरा घरमा दाल, भात, तरकारी, माछामासु बनाउँदा पनि चिल्लो, पिरो कम गरी बनाउनु पर्छ । स्वादको लागि टमाटर, लप्सी, तिल, सिलाम, आलस, आलुको अचार बनाउन सकिन्छ । अचार खाँदा यसमा हालेको अमिलोमा भिटामीन 'सी' हुन्छ, त्यसले रोगसँग लड्ने शक्ति बढाउँछ । सरल र सहज रुपमा पाइने खानेकुराको प्रयोग गरेर पनि तिहार विशेष बनाउन सक्छौं ।

चाडपर्व भन्दैमा खानेकुरा अव्यवस्थित रुपमा खानु हुँदैन । खानेकुराको व्यवस्थापन र उचित आहार स्वस्थ जीवनशैलीको प्रतीक हो । चिल्लो, पिरो, अमिलो तथा हरेक प्रकारका खानेकुरालाई व्यवस्थापन गर्न सकिन्छ । हरेक खानेकुरा समयमा खानाले स्वास्थ्य भई चाड मनाउन सकिन्छ । रमाइलो गर्ने हो तर स्वास्थ्यको ख्याल गर्दै गरेका हरेक कुरा हाम्रा लागि लाभदायक हुने गदर्छन् । चाडबाड मनाउँदै गर्दा स्वास्थ्यको क्षति नगरी हरेक खानेकुराले आफन्ती तथा दाजुभाइको स्वास्थ्यको ख्याल गर्नुपर्छ । (लेखक पोषणविद् हुनुहुन्छ)

# मानवअधिकारवादी नेता तुलाधरको योगदानको चर्चा



काठमाण्डु । नेपाली राजनीतिमा लोकतन्त्र र शान्ति पुनःबहालीका लागि अनवरत योगदान पुऱ्याउनुभएका स्वतन्त्र वामपन्थी नेता पद्मरत्न तुलाधरको योगदानको स्मरण गरिएको छ । नेपाल भाषाका साहित्यकारकारुपमा निरङ्कुश शासनकाविरुद्ध तथा स्थापनाका लागि साहित्य सिर्जना गरी जनता माझ जागरण ल्याउन उहाँले पुऱ्याएको योगदानको चर्चा गरिएको हो ।

'पद्मरत्न तुलाधर स्मृति राष्ट्रिय प्रतिष्ठान'द्वारा मङ्गलबार काठमाडौंको शंखधर उद्यानमा आयोजित छैठौं स्मृतिसभामा मानवअधिकार, शान्ति, मातृभाषा तथा साहित्यकारकारुपमा योगदानको स्मरण गर्दै उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरियो । सो अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले बहुआयामिक व्यक्तित्वका धनी पद्मरत्न साहित्यकार, प्रहसन, हाँस्य व्यङ्ग्यकार तथा जनप्रिय नेताका रुपमा स्थापित रहनुभएको बताउनुभयो।

उहाँले भन्नुभयो, "हाम्रो अत्यन्तै आदरणीय मित्र पद्मरत्नजी कला, संस्कृति, साहित्य र राजनीति आन्दोलनका क्षेत्रबाट बोलेर वा लेखेर प्रस्तुत गर्नुभएका राम्रा र सही विचार हामी सबै मिलेर अघि बढाउनुपर्छ ।" आन्दोलन र जेलमा मात्र होइन मन्त्री र विभिन्न मोर्चामा रही सहकार्य गरेको घटना सुनाउँदै प्रधानमन्त्री ओलीले आन्दोलनलाई सफलतामा पुऱ्याउने र विटमार्ने सम्मको यात्राको सहकार्य गरेको नेपाली राजनीतिज्ञ तथा अग्रज व्यक्तिका रुपमा पद्मरत्न रहनुभएको बताउनुभयो ।

त्यसअवसरमा तुलाधरकी छोरी सुम्निमा तुलाधरले पद्मरत्न आफना पिता मात्र नभइ नेपाली जनताको मुक्तिका निम्ति अग्रसर नेताकारुपमा रहनुभएको स्मरण गर्नुभयो । पद्मरत्न लुमन्ति गुथिका अध्यक्ष डा केशवमान शाक्यले प्रजातन्त्रको पुनःबहालीको जनआन्दोलनमा प्रजातान्त्रिक र वामपन्थी शक्तिलाई एउटै मोर्चामा रहन उहाँले गर्नुभएको योगदानको स्मरण गर्नुभयो ।

नेपाल भाषाको साहित्य लेखनमा नाटक र प्रहसन विधामा विशिष्ट योगदान पुऱ्याउनुभएका तुलाधर नेपाल जनजाती महासङ्घका सभापतिसमेत रहनुभयो । दश वर्ष माओवादी सशस्त्र द्वन्दका बखत माओवादीलाई शान्ति वार्तामा ल्याउन सहजकर्ताका भूमिका खेल्नुभएका तुलाधरको २०७५ कात्तिक १८ गते निधन भएको थियो । पूर्व स्वास्थ्यमन्त्री समेत रहनुभएका उहाँको जन्म १९९७ माघ २९ गते काठमाडौंमा भएको हो । त्यस अवसरमा नेपाली साहित्यका धरोहर साहित्यकार कवी दुर्गालाल श्रेष्ठलाई सम्मान गरिएको थियो ।रासस

# लुम्बिनी प्रदेश सरकारद्वारा सय दिनको उपलब्धि सार्वजनिक

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले एक सय दिनको अवधिमा सम्पादन गरेका एक सय उपलब्धि सार्वजनिक गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार गठनको एक सय दिनको अवधिमा सम्पादन भएका एक सय एक उपलब्धि पत्रकार सम्मेलनको आयोजना गर्दै सार्वजनिक गर्नुभएको हो ।

नागरिकमा बढ्दै गएको निराशालाई आशामा रुपान्तरण गर्न, प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार सफल भएको मुख्यमन्त्री आचार्यले बताउनुभयो । "प्रदेश सरकारको फजुल खर्च रोक्न, मितव्ययिता कायम गर्न नवीनतम सन्देश जनस्तरमा प्रवाह भएको छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "यस अवधिमा प्रदेश सरकारले नीतिगत र कानुनी सुधार, शासकीय सुधार र सुशासन, विकास व्यवस्थापन, वित्तीय प्रबन्ध, शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्र, कृषि र स्वरोजगारको क्षेत्र, पर्यटन, संस्कृति र पर्यावरण, सूचना प्रविधिको विकास र प्रयोग, गुनासो व्यवस्थापन, जनतासँगको संवाद लगायतलाई प्राथमिकतामा राखेर कामकारबाही गर्दै आएको छ ।"

प्रदेशको आन्तरिक आयस्रोत वृद्धि गर्न राजस्वको दायरा फराकिलो बनाउने, आर्थिक अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्ने, अघिल्लो वर्षको दायित्व भुक्तानीलाई अघि बढाउने आधार तयार गरिएको मुख्यमन्त्री आचार्यको भनाइ छ । उहाँले गत साउन ९ गते पद तथा गोपनियताको शपथ लिनुभएको थियो । त्यसपछि एक सय दिनको अवधिमा प्रदेश सरकारले गरेका नीतिगत एवं कानुनी सुधार, साङ्गठनिक तथा व्यवस्थापन, शासकीय तथा सुशासन, प्रदेश गौरवका आयोजनाको कार्यान्वयन, अर्थतन्त्र र राज्यको क्षेत्रमा सुधारका विषय उठान गरिएका छन् ।

यस अवधिमा प्रदेश सरकार नीतिगत एवं कानुनी सुधार गर्ने काममा अघि देखिएको छ । प्रदेशसभा तथा प्रदेश सरकारबाट नीतिगत एवं कानुनी सुधारका लागि विभिन्न कानुन, कार्यविधि एवं निर्देशिका जारी गरिएको, कानुनमा आवश्यक संशोधन, परिमार्जन गरिएको र केही अत्यावश्यक कानुन एवं कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेका उल्लेख छ । विषयगत मन्त्रालय/निकायबाट बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक कार्यविधि तर्जुमा गरी कार्यान्वयन समेत गरिएको छ । प्रदेश सरकारको एक सय दिनमा प्रदेशसभा तथा प्रदेश सरकारबाट स्वीकृत कानुन, कार्यविधि, निर्देशिकामा प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक, स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१, औद्योगिक प्रवर्द्धन विधेयक, २०८१, अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० (संशोधन), अवकाश प्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोग गर्नेसम्बन्धी कार्यविधि, व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन कार्यविधि, प्रदेश राजपत्र तथा कानुनको सम्पादन र प्रकाशन नियमावली, स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ परिमार्जन गरिएको छ ।

सङ्गठनलाई चुस्त, छरितो र नतिजामुखी बनाइ सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न प्रदेशका सबै मन्त्रालय तथा कार्यालयको संक्षिप्त रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरिएको छ । यसबाट प्रदेशको जम्मा कर्मचारी दरबन्दी सङ्ख्या चार हजार ७८ कायम भएको छ । प्रदेशको सङ्गठन संरचना, कार्यबोझ, जिम्मेवारी, दरबन्दीको आवश्यकता, सरकारको आर्थिक सबलता लगायतका विषयमा ध्यान दिई संरचना तथा दरबन्दी पुनरावलोकन गरी उद्देश्योन्मुख एवं नतिजामूलक बनाउन विस्तृत रुपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन गर्न प्रदेश सरकारको निर्णयबाट विज्ञसहितको समिति गठन भई कार्यादेश समेत दिइएको छ ।



पूर्व विशिष्ट पदाधिकारीको नाममा दिइदै आएको सेवा सुविधा (सवारी, इन्धन, मर्मतलगायत) फिर्ता गराउने सम्बन्धी प्रदेश सरकारको निर्णय कार्यान्वयनमा आएको छ । पूर्व विशिष्ट पदाधिकारीले चढ्दै आएका सवार ीसाधन फिर्ता भइसकेका छन् । लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना प्रदेश सरकारबाट स्वीकृत भएको छ । कार्ययोजनामा नैतिकता र सदाचारिता प्रवर्द्धनसम्बन्धी विभिन्न ११ प्रमुख विषय क्षेत्र, सो अन्तर्गतका रणनीति, रणनीति कार्यान्वयनका लागि एक सय बढी क्रियाकलाप, जिम्मेवार निकाय, नतिजा सूचक र कार्यान्वयन संयन्त्र समावेश गरिएका छन् ।

प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरुका लागि आचारसंहिता जारी गरी लागू गरिएको छ । सुशासन र सदाचारिता प्रवर्द्धनका लागि अनियमितता नियन्त्रण, भ्रमण कार्यको व्यवस्थापन, सार्वजनिक, पदीय एवं पेसागत आचरणका विविध व्यवस्था आचारसंहितामा समावेश गरिएको छ । प्रदेश सरकारबाट प्रदेश मन्त्रालय/निकायका लागि १४ बुँदे निर्देशन जारी गरी कार्यान्वयनमा गइसकेको छ ।

**प्रदेश गौरवका आयोजना कार्यान्वयन**

बुटवलस्थित सुविधासम्पन्न १२ तले एक हजार दुई शय्या रहेको अस्पताल भवन रु ६ अर्ब १८ करोडको लागतमा २०८५ पुससम्ममा निर्माण सम्पन्न गर्नेगरी शिलान्यास भई कार्यारम्भ गरिएको छ ।

प्रदेश राजधानी राप्ति उपत्यका (देउखुरी) मा रु तीन अर्ब नौ करोडको लागतमा प्रशासनिक केन्द्र (जसमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय) रहने गरी कार्य तीव्र रुपमा अघि बढेको छ । विसं २०८२ भित्रै निर्माण सम्पन्न हुने लक्ष्यसहित हाल ६५ प्रतिशत काम पूरा भएको छ। साथै, रु एक खर्बको लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण सम्पन्न गर्ने लक्ष्य अनुसार सरकारले नदी सभ्यतामा आधारित नमूना सहरका लागि साझेदार एवं लगानीकर्ता खोज्न पहल गरेको छ ।

बाँकेको खजुरामा प्राविधिक विश्वविद्यालय स्थापना गरी सूचना प्रविधि, इञ्जिनियरिङ, कृषिलगायत विषय अध्यापन गराइँदै छ । प्राविधिक, दक्षजनशक्ति उत्पादनका लागि थप पहल गर्ने प्रदेश सरकारको योजना छ । प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदै विभिन्न सडकलाई बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाउने निर्णय गरिएको छ ।

**आर्थिक मामिला तथा राजस्व सुधार**

चालु आर्थिक वर्ष २०८१/८२ देखि रु पाँच लाख वा सोभन्दा माथिका सबै आयोजना कार्यक्रम अनिवार्य रुपमा प्याकेजिङ गरी बोलपत्र प्रक्रियाबाट सार्वजनिक प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको छ । यसरी बचत हुने रकमलाई गत आर्थिक वर्षको दायित्व भुक्तानी गर्नेगरी व्यवस्थापन गरिएको छ ।

प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउन राजस्वको दायरा वृद्धि गरिनुका साथै चालु खर्च कटौती गरिएको छ । गत वर्षको बजेटभन्दा यस वर्ष रु दुई अर्ब २ ९ करोड चालुतर्फ कम र पुँजीगततर्फ रु एक अर्ब ३२ करोड बजेट बढाइएको छ ।

**सूचना तथा सञ्चार प्रविधिको अवलम्बन र विकास**

प्रदेशसँग सम्बन्धित समग्र तथ्याङ्क समेटेर प्रयोगकर्तामैत्री अनलाईन डेटा पोर्टलको निर्माण गरी सञ्चालन गरिएको छ । प्रदेश मन्त्रालय/निकायमा विद्युतीय प्रणालीको अवलम्बनलाई प्राथमिकता दिई एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रयोगको सुरुआत गरिएको छ ।

प्रदेशको राजस्व सङ्कलनसम्बन्धी सफ्टवेयर प्रदेश मातहत रहने गरी विकास तथा व्यवस्थापन गर्ने तयारी भइरहेको छ । यस्तै प्रदेश सरकारको एक सय दिनमा प्रदेश सरकारले जनगुनासो व्यवस्थापनको काम गरेको छ । जनताका गुनासा सुन्ने, आलोचनालाई आत्मसात गर्दै सुधारका काम अघि बढाएको छ । भौतिक पूर्वाधार विकास

यस अवधिमा पुँजीगत तर्फको कूल विनियोजन भएको रु नौ अर्ब ७३ करोड १२ लाख ५१ हजारमध्ये रु ५८ करोड आठ लाख दुई हजार खर्च भएको छ । जम्मा दुई हजार ४७ आयोजनामध्ये नौ सय ७७ आयोजनाको बोलपत्र आह्वान भएको छ । जसमध्ये तीन सय २४ वटाको सम्झौता सम्पन्न भइसकेको छ भने चार सय सातको मूल्याङ्कन भइरहेको प्रदेश सरकारले जनाएको छ ।

सडक पूर्वाधारअन्तर्गत १५ किलोमिटर सडक कालोपत्र गरिएको छ । सडक पुल ६ निर्माण सम्पन्न भएका छन् । झोलुगे पुल दुईवटा निर्माण सम्पन्न भएका छन् । प्रदेशको सडक सञ्जाल गुरुयोजना निर्माणको काम द्रुत गतिमा अगाडि बढेको छ । सो अवधिमा प्रदेशका चार ठाउँमा प्रदेशसभाका सदस्यसँग सडक सञ्जाल गुरुयोजनाबारे अन्तरक्रिया गरी जिल्लागत सडक सञ्जालको विवरण अद्यावधिक गरिएको छ ।

चालु आर्थिक वर्षमा अख्तियारी प्राप्त आयोजनामध्ये दुई सय २५ आयोजना बोलपत्र प्रक्रियामा गएका, जसमध्ये ६५ आयोजनाको सम्झौता सम्पन्न भएको, २१ आयोजना सम्झौताको प्रक्रियामा छन् । भीम अस्पताल भैरहवा, पृथ्वीचन्द्र अस्पताल नवलपरासी पश्चिम र आयुर्वेद अस्पताल, कपिलवस्तुको भवन निर्माण कार्य सम्पन्न भएका छन् । साथै, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीको भवन निर्माण कार्य अन्तिम चरणमा छ ।

प्रादेशिक सरुवा रोग अस्पताल, शिवराज कपिलवस्तु र क्षयरोग उपचारकेन्द्र, बाँकेको भवन निर्माण कार्य द्रुत गतिमा भइरहेको छ । प्रदेश राजधानी परिसरमा निर्माणाधीन ६ मन्त्रालयको भवनको काम अन्तिम चरणमा छ भने अन्य दुई मन्त्रालयको काम पनि सम्पन्न हुने अवस्थामा छ । एउटा मन्त्रालयको दोस्रो तला ढलाइको अवस्थामा छ । पुस्तकालय भवनको काम सम्पन्न भएको छ । बस्ती विकास कार्यक्रम अन्तर्गत चार किलोमिटर ढल निर्माण गरिएको छ ।

चालु आर्थिक वर्षमा अख्तियारी प्राप्त आयोजनामध्ये ४२ आयोजना बोलपत्र प्रक्रियामा गइसकेका छन् । प्रदेश राजधानी परिसरको खानेपानी व्यवस्थापनका लागि निर्माणाधीन खानेपानी आयोजनाअन्तर्गत ओभरहेड ट्याङ्कीको निर्माणकार्य करिब ६० प्रतिशत सम्पन्न भएको छ । लुम्बिनी प्रदेशको विपद् व्यवस्थापनसम्बन्धी खानेपानी तथा सरसफाइ र स्वच्छता क्षेत्रको भइपरी योजना अध्यावधिक गरिएको छ । बर्दिया, रोल्पा र नवलपरासी पश्चिममा थप कार्यालय स्थापना गरी सेवा सुरु गरिएको छ ।

लुम्बिनी आउने पर्यटकलाई लुम्बिनी पर्यटन सर्किटको माध्यमबाट हिमाल, पहाड र तराई भ्रमणको व्यवस्था मिलाउने गरी तथा पर्यटन सर्किटको योजनालाई कार्यान्वयन गर्नेगरी तयारी गरिएको छ । पाल्पा दरबार सङ्ग्रहालयको संरक्षण एवं प्रवर्द्धनका लागि आवश्यक बजेटसमेत विनियोजन गरिएको, नुवाकोट डबली स्थानीय तहमा हस्तान्तरणको प्रक्रिया अघि बढाउने निर्णय भएको छ । बजारलाई स्वस्थ र प्रतिस्पर्धी बनाउने उद्देश्यका साथ पहिलो पटक बजार नियमन तथा प्रवर्द्धन परिषद्को बैठक सम्पन्न गरी कालोबजारी नियन्त्रण लगायतका विषयमा नियमित बजार अनुगमनमा जोड दिइएको छ ।

लुम्बिनी प्रदेशको पर्यटन क्षेत्रको विकास, सम्बर्द्धन र प्रवर्द्धनमा टेवा पुऱ्याउन पर्यटन द्रुत नियुक्त गर्ने निर्णय गरिएको छ । लुम्बिनीमा पर्यटकको संख्या वृद्धि गरी प्रदेशको आर्थिक समृद्धिका लागि बर्दियाका पर्यटकीयस्थललाई पर्यटन गन्तव्यको रुपमा लिई २०८१ लाई 'घुम्न जाउँ बर्दिया' अभियान घोषणा गर्नका लागि पूर्व तयारी सम्पन्न भइसकेको छ ।

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनका लागि पठाइएको छ । सुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम, बीउ बाली निरीक्षण, बीउ प्रमाणीकरण र बीउ नमूना परीक्षण, बाली वस्तु सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम, बफर स्टकमा रहेको अनुदानको रासायनिक मलको कोटा निर्धारण, कृत्रिम गर्भाधान सेवा कार्यक्रम, पशुपक्षीमा लाग्ने सङ्क्रामक रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रमलगायत महत्वपूर्ण कार्यक्रमको कार्यान्वयन प्रारम्भ गरिएको छ ।

कुष्ठरोग र हात्तीपाइलेका कारण अपाङ्गता भएका व्यक्तिको भेद्भावको अन्त्य तथा जीविकोपार्जन र आत्मनिर्भता अभिवृद्धिका लागि स्वयं हेरचाहसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ । बिरामीको अत्यधिक चाप हुने अस्पतालमा ई-टिकेटिङ, टोकन प्रणाली र बीमा काउन्टर सेवा थप गरिएको छ । स्वास्थ्य सेवामा देखिएका विकृति रोक्न सरकारले अनुगमनमा कडाई गरेको छ। नसर्ने रोगहरु मुटु, क्यान्सर, मिर्गौला जस्ता स्वास्थ्य समस्या निदान र उपचारका लागि प्रदेश सरकारले दिँदै आएको प्रतिव्यक्ति रु दुई लाख प्राप्त गर्न प्रदेश राजधानीमा सिफारिस लिन आउने बाध्यताको अन्त्य गर्न जिल्लास्थित स्वास्थ्य कार्यलयमार्फत नै सिफारिस उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

चालु आर्थिक वर्षमा निर्माणसम्बन्धी ३३ आयोजनाको ठेक्का सम्झौता भइसकेको, ६९ आयोजनाको ठेक्का आह्वान गरिएको र बाँकी आयोजना बोलपत्र प्रक्रियामा रहेका छन् । सामाजिक विकास तर्फको बजेट कार्यान्वयनका लागि पाँच कार्यविधि स्वीकृत गरिएको र दुई कार्यविधि तर्जुमा अन्तिम चरणमा रहेको छ ।

प्रदेशका विभिन्न सामुदायिक विद्यालय तथा क्याम्पसमा आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको बजेट विनियोजनको मस्यौदा तयार गरिएको छ । युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परियोजनाअन्तर्गत प्रदेशस्तरीय प्रोफाइल तयार गरिएको छ । संविधान प्रदत्त प्रदेशको अधिकार अन्तर्गत प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने उद्देश्यका साथ निर्माण गरिएको प्रदेश प्रहरी ऐनको कार्यान्वयनका लागि आवश्यक प्रहरी समायोजन कार्यमा सङ्घीय सरकारलाई अनुरोध गर्ने गरी भएको मन्त्रीस्तरीय निर्णय बमोजिम नेपाल सरकार, गृह मन्त्रालयलाई अनुरोध गरी पत्राचार गरिएको छ ।

प्रदेशमा विपद् व्यवस्थापनमा सूचना तथा सञ्चार प्रणालीलाई व्यवस्थित गर्न सञ्चालित प्रदेश आपतकालीन केन्द्रका काममा प्रभावकारिता ल्याई विपदजन्य घटनासम्बन्धी सूचनामा आम नागरिकको पहुँचलाई सुनिश्चित गर्न टोल फ्रि तथा हटलाईन सञ्चालन गर्न मन्त्रीस्तरीय निर्णय भई कार्यान्वयनको अन्तिम चरणमा रहेको बताइएको छ ।रासस

# उम्मेदवारको सुनुवाइ र पृष्ठभूमि अध्ययन गर्न सुझाव

काठमाण्डु । जवाफदेहिता निगरानी समितिले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका पदाधिकारी छनोटप्रक्रियामा उम्मेदवारको सार्वजनिक सुनुवाइ र पृष्ठभूमि सार्वजनिक गर्नुपर्ने सुझाव दिएको छ ।'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको छनोट प्रक्रिया, २०८१' को प्रारम्भिक मस्यौदा तयार पारी सुझाव तथा प्रतिक्रियाका लागि सार्वजनिक गरिनुलाई समितिले सकारात्मक रूपमा लिँदै उक्त सुझाव दिएको हो ।

समितिका संयोजक राजुप्रसाद चापागाईसहितले बुधबार दिएको सुझावपत्रमा पदाधिकारी नियुक्तिका लागि गठित सिफारिस समितिले छनोट प्रक्रियाको मस्यौदामा सुधार गरेर छनोट प्रक्रियाको पारदर्शिता र विश्वसनीयतालाई सुदृढ पार्न आग्रह गरिएको छ ।सिफारिससम्बन्धी छनोट समितिले आयोगमा पदाधिकारी छनोट गर्दा पारदर्शिताको मान्यतालाई पनि आत्मसात् नगरेको हुँदा मिडिया, पीडित समुदाय तथा नागरिक समाजका प्रतिनिधिसमेतको प्रतिनिधिमूलक सहभागिता रहने गरी सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरी प्रस्तुतीकरण गराउनुपर्ने व्यवस्था राखिनु उपयुक्त हुने सुझाव दिएको हो ।

समितिले दफा ६ मा अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि सिफारिस हुन इच्छुक व्यक्तिले आवेदन दिन सक्ने र अन्य व्यक्ति वा संस्थाले अध्यक्ष वा सदस्यमा सिफारिस गर्न उपयुक्त हुने भनी मनोनयन वा प्रस्ताव गर्न सक्ने व्यवस्थालाई एउटै दफामा समेट्न सुझाव दिएको छ ।दफा ७ मा आवेदन प्राप्त सबै आवेदकको न्यूनतम योग्यता पुगे नपुगेको जाँच तथा मूल्याङ्कन नगरी सोलोडोलो नामावली प्रकाशन गर्नु जरुरी र उपयुक्त नभएकाले प्रारम्भिक मूल्याङ्कनको आधारमा तयार गरिएको संक्षिप्त सूचीमा रहेकाको नामावली मात्र सार्वजनिक गर्ने व्यवस्था राख्न उपयुक्त हुने सुझाव दिएको छ ।

समितिले सुझावमा भनेको छ, "दफा ८ मा सम्बन्धित उमेदवारबाट 'प्राप्त आवेदन र सोसँग संलग्न कागजात तथा विवरणका आधारमा' मात्र योग्य व्यक्तिहरूको संक्षिप्त सूची तयार गर्नु उपयुक्त हुँदैन, संक्षिप्त सूचीमा नाम समावेश गर्नु अघि अनिवार्य सम्बन्धित उमेदवारको पृष्ठभूमि (चरित्र, ख्याति, सान्दर्भिकता, अनुभव तथा योगदान आदि) को स्वतन्त्र मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्दछ ।"समितिले द्वन्द्वपीडितका सङ्घसंस्था तथा नागरिक समाज/संस्थाले पदाधिकारीमा नियुक्तिका लागि उपयुक्त भनी मनोनयन गर्नसक्ने व्यवस्था राखिनु उपयुक्त हुने, त्यसरी नाम मनोनयन गर्दाकै बखत सम्बन्धित व्यक्तिको सहमतिको प्रमाण दिनुपर्ने व्यवस्था उपयुक्त नहुने सुझाव दिएको छ ।

समितिले दफा १० मा दिएको सुझावमा भनिएको छ, "'योग्य व्यक्तिको मूल्याङ्कनका आधार निर्धारण गरी सोहीबमोजिम सूची प्रकाशित गर्न सक्ने' भनिएको व्यवस्था स्पष्ट र पर्याप्त छैन, योग्य व्यक्तिहरू पहिचान गरी संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनका लागि वस्तुगत मूल्याङ्कनका आधारहरू यसै प्रक्रियामा निर्धारण गर्न उपयुक्त हुन्छ, साथै समितिले प्राप्त गरेको 'प्रतिक्रियालाई गम्भीरतापूर्वक अध्ययन तथा मनन गर्नुपर्नेछ' भन्ने भन्दा 'सम्बन्धित उमेदवारको उपयुक्तताको मूल्याङ्कन गर्दा प्राप्त प्रतिक्रियालाई विचार गर्ने र त्यस्तो प्रतिक्रियाबारे आवश्यक सत्यापन गर्ने' व्यवस्था राख्न उपयुक्त हुन्छ ।"

समितिका संयोजक चापागाईले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र परामर्शयुक्त छनोट प्रक्रियाको अवलम्बनमा नै समग्र सङ्क्रमणकालीन न्याय प्रक्रियाको वैधता र विश्वसनीयता निर्भर हुने भएकाले छनोट प्रक्रियाको सन्दर्भमा विगतका त्रुटी तथा कमजोरीहरू दोहोरिन नदिन सिफारिस समितिले प्रारम्भदेखि सजगता अपनाउनुपर्ने बताउनुभयो । दुवै आयोगमा पदाधिकारी सिफारिस गर्न गठित समितिले बुधबारसम्म उक्त मस्यौदामा राय र प्रतिक्रिया दिनका लागि समय दिएको थियो ।रासस

# उत्पादन बढाउनूहोस्, बजारको जिम्मा मन्त्रालयले लिन्छः स्वास्थ्यमन्त्री पौडेल

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सिंहदरबार वैद्यखाना विकास समितिले पर्याप्त आयुर्वेदिक औषधिको उत्पादन गरे बजार व्यवस्थापनको जिम्मेवारी मन्त्रालयले लिने प्रतिबद्धता जनाउनुभएको छ ।

बुधबार समितिको वार्षिकोत्सव, राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्तीका अवसरमा आयोजित कार्यक्रममा मन्त्री पौडेलले समितिलाई तत्काल उत्पादन वृद्धि गर्न सुझाव दिँदै औषधि बिक्रीका लागि व्यवस्थित वातावरण बनाउन मन्त्रालय तयार रहेको बताउनुभयो । देशभरका सबै स्थानीय तहमा स्वदेशी आयुर्वेद औषधि बिक्री वितरणको व्यवस्थापन मिलाई विदेशी



उत्पादनलाई प्रतिस्थापन गर्न सकिने उहाँको धारणा थियो ।

"वैद्यखानाले आत्मनिर्भर मात्र नभई निर्यात गर्नसक्ने गरी क्षमता बढाउनुपर्छ । उत्पादन वृद्धि भयो भने आयात बन्द गर्ने काम हामी गर्छौं", मन्त्री पौडेलले भन्नुभयो । उहाँले समितिले आफैं उत्पादन वृद्धि गरेर कमाउनुको विकल्प नभएको भन्दै आफ्नै आम्दानीको सुनिश्चितता भएमा समितिको आर्थिक स्थिति सहज हुँदै जाने उललेख गर्नुभयो ।

"समितिले उत्पादन बढाउँदै आर्थिक स्तार सुधारको पहल गरेमा सरकारले औषधि बिक्रीमा समन्वय र सहयोग गर्नेछ । यसबाट समितिको काम निरन्तर हुनुका साथै कर्मचारीलाई सेवासुविधा उपलब्ध गराउन पनि सरकारलाई सहज हुनेछ ।

सधैं नोक्सानमा सञ्चालित संस्थालाई निरन्तरता दिन सरकारलाई पनि सहज नहुने भएकाले सबैको साथ र सहयोगीबाट समस्या समाधान गर्दै जानुको विकल्प छैन", मन्त्री पौडेलले भन्नुभयो ।रासस

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण वडावासी, पालिकावासी, प्रदेशवासी तथा देशवासीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



अर्जुन चौधरी
वडा अध्यक्ष
जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ११

# साम्बाकी आमाबुबा भन्छन्, 'हाम्रो आँखा छलेरै फुटबल खेल्थिन्, प्रगति गरेको देख्दा दङ्ग छौँ'

लमजुङ । नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी खम्बा मानिएकी सावित्रा भण्डारी 'साम्बा' यतिबेला काठमाडौँमा साफ च्याम्पियनसिप प्रतियोगिताको फाइनलका लागि व्यस्त हुनुहुन्छ। उहाँ नेपालकी मात्र नभई दक्षिण एसियाकै चर्चित महिला फुटबल खेलाडी हुनुहुन्छ । गोल गर्ने उत्कृष्ट कला, 'सेलिब्रेसन' गर्ने शैली अनि 'हेयर स्टाइल'ले 'साम्बा' अरु नेपाली खेलाडीभन्दा बढीजसो चर्चामा हुनुहुन्छ।

हरेक खेलमा उत्कृष्ट प्रदर्शन गर्दै आउनुभएकी भण्डारी सोमबार नेपाल र भारतबीचको सेमिफाइनलपछि झन चर्चामा हुनुहुन्छ । नेपाललाई विजयी गराउँदै फाइनलमा पुऱ्याएसँगै भण्डारीको



चर्चा चुलिएको छ। खेलमार्फत नेपाललाई विश्वसामु चिनाउन सफल भण्डारी लमजुङको तत्कालीन सिम्पानी गाविस-७ हाल मर्स्याङ्दी गाउँपालिका-९ पामचोक गाउँमा हुर्किनुभएको हो। थमन भण्डारी र मुना भण्डारीको कोखबाट माइली छोरीका रुपमा जन्मिनुभएकी उहाँको जन्म भने २०५३ जेठ १५ गते हिमाली जिल्ला मनाङस्थित चामेमा भएको हो।

भण्डारीका बुबा थमन र आमा मुना छोरीको प्रगति देखेर दङ्ग हुनुहुन्छ। उहाँकी आमा मुनाले भन्नुभयो, "हामीले दुःख गरेर हुर्काएकी छोरी हो, केही गर्छिन् भन्ने त लाग्थ्यो। तर फुटबल खेखेर यति प्रगति गर्छिन् भन्ने हामीले सोचेकै थिएनौँ ।" भण्डारी नौ/दश वर्षको उमेरदेखि साथीभाइ बटुलेर फुटबल खेल्नुहुन्थ्यो । "जति बेला पनि फुटबल मात्र खेल्ने, काम गर्न लगायो भने काम गरेजस्तो गर्ने, हाम्रो आँखा छलेरै फुटबल खेल्थिन।"

भण्डारीका बुबा-आमाले अह्राएको काम नगरेर खाली फुटबल मात्र खेलेको देख्दा उहाँलाई दिनुहुँ गाली गर्नुहुन्थ्यो । उहाँलाई भने बुबा-आमाको गालीको कुनै पर्वाह हुन्थेन। साम्बाको एउटै मात्र उद्देश्य थियो, जसरी पनि सफल फुटबल खेलाडी बन्ने र नेपालको टोलीबाट खेल्ने।

"काम छोडेर खेल्न मात्र जाने भनेर हामी छोरीलाई सधैँ कराउँथ्यौँ, हामीलाई त्यति बेला सबैभन्दा ठूलो घरको काम गर्नु नै हुन्थ्यो, तर ऊ काम, पढ्नभन्दा फुटबल खेल्न मात्र खोज्ने" भण्डारीकी आमा मुनाले रासससँग भन्नुभयो, "काली धेरै बल मात्र खेल्न खोज्ने भन्दै कुट्ने पनि गरेँ, हामीलाई त्यति बेला यस्तो राम्रो फुटबल खेलाडी हुन्छिन जस्तो लाग्दैनथ्यो।"

आमा मुना साम्बालाई निकै दुःखले हुर्काएको बताउनुहुन्छ। "सानैदेखि हामीले साँझ बिहान घाँस काट्न मात्र लगाउँथ्यौँ, अरु धेरै काम त हुँदैनथ्यो, केटीले गर्नेभन्दा केटाहरुले गर्ने काम बढी गर्न खोज्ने बानी थियो। १४/१५ वर्षको उमेरमा उसले गोरु जोत्न थालिन, आली लगाउने, चाडपर्वमा गाउँमा अरूको खसीबोका मार हान्दै हिँड्थन", आमा मुनाले गाउँमा छँदा साम्बाको दिनचर्या सुनाउनुभयो।

सावित्रा जतिबेला पनि मोजाको बल लुकाएर विद्यालय जानुहुन्थ्यो। अरु बेला पनि बलसँगै लैजाने गर्नुहुन्थ्यो । गाउँमा साथीभाइ बटुलेर जतिबेला पनि फुटबल खेल्ने गरेकी उहाँका बुबा थमन बताउनुहुन्छ। "प्रायःजसो केटी साथीहरुभन्दा पनि केटा साथीहरु । अझ ठूल्ठुला दाइहरुसँगै बल खेलेर हुर्किएकी हुन", उहाँले भन्नुभयो।

सावित्राका लागि सबैभन्दा महत्वपूर्ण काम फुटबल खेल्नु मात्र हुन्थ्यो । "जति बेला पनि बल खेल्ने । त्यो पनि बढीजसो केटाहरुसँग खेल्ने हुँदा गाउँलेहरुले छोरी मान्छे भएर पनि केटाहरुसँग बल खेलेर हिँड्छ भन्दै तेरो छोरी बिग्रियो भनेर कुरा काट्ने गर्दथे, तर अहिले उसैले गाउँको जिल्लाको र देशकै नाम राखेको छ, आज समय बदलियो, हिजो कुरा काट्ने उनै गाउँलेहरु प्रशंसा गर्दै हिँडेका छन्", बुबा थमनले भन्नुभयो।

पहिला पनि र अहिले पनि सावित्राको काम फुटबल खेल्नु मात्रै भयो । उहाँले देशकै नाम राख्न सफल भएकामा बुबा आमा औधी खुसी हुनुहुन्छ। बुबा थमनले भन्नुभयो, "सावित्राको स्वभाव छोरा मान्छेको जस्तो छ, १० वर्षको उमेरदेखि नै छोटो छोटो कपाल बनाउने, सर्ट पाइन्ट लगाउने, कुर्ता सुरुवाल लगाउन मान्दैन थिइन् । छोरी मान्छेले भन्दा छोरा मान्छेले गर्ने काम नै गर्न बढी रुचाउँथ्यो।"

सावित्राका बुबा थमन स्वास्थ्य कार्यालय मनाङमा कार्यालय सहयोगीको जागिरे हुनुहुन्थ्यो। मनाङमै हुँदा सावित्राको जन्म भएको हो। उहाँ चामेस्थित लोकप्रिय माध्यमिक विद्यालयमा नर्सरीमा भर्ना हुनुभयो । पछि पाँच वर्षको उमेर हुँदा आमा मुनासँगै लमजुङ फर्किनुभयो। बुबा थमन भने जागिरका सिलसिलामा मनाङमै बढीजसो बस्नुभयो । उहाँले मनाङमा २०४४ सालमा जागिर खानुभयो । विसं २०४६ मा उहाँ स्थायी भएर ३४ वर्ष सेवा गरेर मात्र थमन लमजुङ फर्किनुभयो।

"त्यो बेलामा मेरो एउटा जागिरले घर व्यवहार चलाउनेदेखि चार छोरी, दुई छोरालाई पढाउन हुर्काउन निकै समस्या थियो । तर अहिले हामीलाई छोरी सावित्राले हेरेको छ। अब हामीलाई पहिलाको जस्तो दुःख छैन", बुबा थमनले खुसी हुँदै भन्नुभयो। सावित्राले गाउँकै सरस्वती सदन आधारभूतमा नर्सरीदेखि कक्षा ७ सम्म पढ्नुभयो। गणेश माविमा कक्षा ८ देखि ९ सम्म पढ्नुभयो । "उक्त विद्यालयमा ९ कक्षा पढ्दै गर्दा खुदीस्थित अमर माविका शिक्षक श्यामबहादुर थापाले राम्रो फुटबल खेल्दोरहेछ, यस्तो खेलाडी हाम्रो विद्यालयमा पढ्नुपर्छ भन्दै आफ्नो विद्यालयमा भर्ना गरिदिनुभयो", बुबा थमनले भन्नुभयो, "जतिबेला पनि फुटबल खेले पनि सावित्राको पढाइ पनि राम्रै थियो।"

सावित्रालाई आफ्नै गाउँ नजिकै रहेको खुदीस्थित मनास्लु युवा क्लबको टोलीमा सहभागी भएर फुटबल खेल्ने अवसर मिल्यो । उक्त क्लबमा आबद्ध भएर उहाँ क्व्होलासोथर गाउँपालिका-३ स्थित दक्षिण एसियाकै नमूना घलेगाउँमा आयोजना गरिएको फुटबल प्रतियोगितामा सहभागी हुनुभएको थियो। महिला फुटबल प्रतियोगितामा उहाँ सहभागी भएको मनास्लु युवा क्लब प्रथम भयो।

बुबा थमनले भन्नुभयो, "छोरीको खेल उत्कृष्ट देखेर तत्कालीन रेफ्री शुक्र लामाले महिला फुटबल खेलाडीका रूपमा राष्ट्रिय स्तरसम्म पुग्ने अवसर दिनुभयो । काठमाडौँ जान्छु भनेर खबर गरिन् । म मनाङमै थिए। दुईचार दिन खेत रोपेर जाने सल्लाह दिएँ, म घर आएपछि काठमाडौँ पठाएँ ।"काठमाडौँ गएपछि सावित्राले सशस्त्र प्रहरी बलको एपिएफ क्लबमा जागिर खानुभयो । तर बुबा आमालाई भने छोरीले जागिर खाएको दुई वर्षपछि मात्र थाहा भयो। "दुई वर्षपछि मात्र जागिर खाएको खबर दिइन्", बुबा थमनले सुनाउनुभयो।

सावित्रा सशस्त्र प्रहरी बलमा सहजै भर्ती भएका उहाँका बुबा आमा खुसी हुनुभयो। "मैले भर्ती भएपछि किन यही फुटबल क्षेत्र रोजेको भनेर सोधेँ। तर सावित्राले फुटबल खेल्न पाउने र आफूले चाहेको क्षेत्रमा काम गर्न सजिलो हुने भन्दै जवाफ दिइन्", उहाँले भन्नुभयो। सावित्राको खेल बुबा आमाले मोबाइलबाट हेर्ने गर्नुहुन्छ । साँझ सधैँ मोबाइलबाटै खेलकुद गतिविधि हेर्ने गरेको बुबा थमनले बताउनुभयो । सावित्राले कक्षा ६ देखि खेल्दै आएको मोजाको बल बुबाआमाले घरमा सुरक्षित राखेका छन्।

सावित्राका छिमेकी मधुराम भण्डारी उहाँले मोजाको बल बनाएर खेल्ने गरेको सम्झिनुहुन्छ। उहाँले भन्नुभयो, "सावित्राको प्रगति देखेर खुसी लागेको छ, देशको नाम राखेको छ। अझै राज्यले खेलकुद क्षेत्रको विकास गर्नुपर्छ। हामी पहिला सँगै बल खेल्थ्यौँ, हामीले उसलाई बल टिप्न लगाउँथ्यौँ, उसको चन्चले स्वभाव थियो, केही गर्लाजस्तो लाग्थ्यो, निडर स्वभाव थियो।"

गाउँमा केटाहरु खेलिरहँदा पनि सावित्रा एक्लै मिसिएर बल खेल्न सहभागी हुने गर्नुहुन्थ्यो । सावित्राको भाइ आषिस भण्डारीले भन्नुभयो, "दिदी बल समाएर हिँडेपछि हामीहरु पनि पछिपछि लागेर खेल्ने गर्दथ्यौँ। कहिलेकाहीँ हामीले खेल्न मन नलागेको बेलामा दिदीले कुटेर भए पनि खेल्नज लगाउनुहुथ्यो ।" सावित्राका आफन्तजन तथा गाउँलेको धोको साफ महिला फुटबल च्याम्पियनसिपको उपाधि नेपालले जितेको हेर्ने छ । सावित्राले लमजुङस्थित गाउँको खेतका गहरादेखि दशरथ रङ्गशाला हुँदै युरोपको रङ्गाशालासम्मको यात्रा तय गरेकामा गाउँका सबै खुसी छन् ।रासस

# नेपालद्वारा स्कटल्याण्ड पाँच विकेटले पराजित




काठमाण्डु । नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ शृंखलाअन्तर्गत बुधबार सम्पन्न एकदिवसीय खेलमा स्कटल्याण्डलाई पाँच विकेटले पराजित गरेको छ।

अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरि स्टेडियममा टस हारेर पहिलो ब्याटिङ गरेको स्कटल्याण्ड ४१ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १५४ रनमा समेटियो।

स्कटल्याण्डलाई सस्तैमा समेट्ने क्रममा सन्दीप लामिछानेले तीन विकेट लिए। साथै करन केसी, सोमपाल कामी, गुल्सन झाले २/२ विकेट तथा आरिफ शेखले एक विकेट लिए । स्कटल्याण्डका लगि मार्क वाटले ३४ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय रन बनाउन सकेनन्।

स्कटल्याण्डले प्रस्तुत गरेको उक्त लक्ष्य नेपालले २९ दशमलव पाँच ओभरमा पूरा गर्यो । नेपालको जितमा आरिफ शेखले ५१ रनको योगदान दिए। साथै कुशल भुर्तेल र गुल्शन झाले २५/२५ रन बनाए भने आसिफ शेखले २१ रन बनाए।

स्कटल्याण्डका लागि ब्राण्डम म्याकुलमले २ विकेट लिए । साथै ब्राड कुरी, मार्क वाट र ज्याक जार्विसले समान १/१ विकेट लिए । लिग-२ अन्तर्गत त्रिकोणात्मक शृंखलाको पहिलो खेलमा नेपाल अमेरिकासँग तीन विकेटले पराजित भएको थियो । त्यस्तै स्कटल्याण्डले आफ्नो पहिलो खेलमै अमेरिकालाई १० विकेटले पराजित गरेको थियो ।रासस

# क्यानाडा : आदिवासी बालबालिका बेपत्ताबारे थप अनुसन्धान आवश्यक

**एएफपी**

ओटावा । क्यानडाको आवासीय विद्यालयबाट आदिवासी बालबालिकाको मृत्यु र बेपत्ता भएको घटनाको थप अनुसन्धान गर्न स्वतन्त्र आयोग गठन गर्नुपर्ने एक प्रतिवेदनले जनाएको छ।

सन् २०२१ मा सयौं संदिग्ध चिहानस्थलहरू फेला परेपछि गरिएको राष्ट्रव्यापी अनुसन्धानको मङ्गलबार जारी गरिएको प्रतिवेदनले आदिवासी बालबालिकाको मृत्यु र बेपत्ता भएको घटनाको थप अनुसन्धान गर्न स्वतन्त्र आयोग गठन गर्नुपर्ने निश्कर्ष निकालिएको हो । आदिवासीलाई जबरजस्ती आत्मसात गर्न एक शताब्दीभन्दा पहिले स्थापना गरिएका पूर्व आवसीय विद्यालय नजिकैका चिहानहरूको खोजले क्यानाडालीलाई स्तब्ध बनाएको छ।

सन् १८३१ देखि १९९६ को बिचमा अनुमानित एक लाख ५० हजार बालबालिकालाई विद्यालयमा पठाइएको थियो। तीमध्ये धेरैजना घर फर्किएका थिएनन्। चिहानहरू फेला परेपछि उक्त घटनाको अनुसन्धानका लागि एक विशेष वार्ताकार, किम्बर्ली मुर्रेलाई ओटावाले तुरुन्तै नियुक्त गरेको थियो । मङ्गलबार आफ्नो प्रतिवदेनमा मुर्रेले थप अनुसन्धानका लागि २० वर्षको जनादेशसहित आदिवासी नेतृत्वको स्वतन्त्र आयोग गठन गर्न आह्वान गर्नुभएको छ।

उहाँले क्यानाडालाई यस घटनाको अपराधीको संज्ञा दिँदै यस्तो आयोगलाई समर्थन गर्ने देशको दायित्व रहेको बताउनुभयो। मुर्रेले आदिवासी बालबालिका जबर जस्ती बेपत्ता र मृत्युको घटना अन्तर्राष्ट्रिय आपराधिक अदालतमा पठाइनुपर्नेलगायत देशले बहन गर्नुपर्ने अन्य ४२ दायित्वहरू सूचीबद्ध गर्नुभएको छ ।अन्तिम प्रतिवेदनले सरकार र चर्चले विद्यालयमा बालबालिकाको मृत्युको योजना बनाएको प्रारम्भिक निष्कर्ष दोहोऱ्याएको थियो।

# युद्धबाट भागेका सिरियालीहरू आफ्नै घरमा दुर्व्यवहारको जोखिममाः एचआरडब्ल्यू



**एएफपी**

बेरुत। लेबनानमाथि इजरायलको आक्रमणबाट भागेका सिरियालीहरूले स्वदेशमा दमनको सामना गर्ने देखिएको ह्युमन राइट्स वाचले बुधबार जनाएको छ। युद्धका कारण तीन लाख ५५ हजारभन्दा बढी सिरियालीहरू एक महिनामा लेबनानस्थित शरणार्थी केन्द्रहरूबाट स्वदेश फिर्किएका छन्।

"लेबनानबाट भागेका सिरियालीहरू, विशेष गरी पुरुषहरूले सिरियाली अधिकारीबाट स्वेच्छाचारी हिरासत र दुर्व्यवहारको जोखिम मोल्छन्," समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ।एचआरडब्लुका मध्यपूर्वका उपनिर्देशक एडम कुगलले भन्नुभयो, "शङ्कास्पद अवस्थामा निर्वासनमा रहेकाको हिरासतमा भएका मृत्युले भाग्नेहरूलाई स्वेच्छाचारी नजरबन्द, दुर्व्यवहार र उत्पीडनको खतरालाई उजागर गरेको छ।

इजरायलले सेप्टेम्बर २३ मा सघन हवाई अभियान सुरु गरेयता लेबनानबाट सिरियातर्फ पाँच लाखभन्दा बढी मानिस भागेका छन्, जसमा तीन लाख ५५ हजार १० भन्दा बढी सिरियाली नागरिक रहेको लेबनानको आधिकारिक तथ्याङ्कले देखाएको छ ।एचआरडब्लुले अक्टोबरमा पाँच जनालाई पक्राउ गरिएको जनाएको छ ।सिरियाली सेनाको गुप्तचर निकायले आफ्ना पतिलाई 'तुरुन्तै' पक्राउ गरेको एक महिलाको घटनालाई उद्धृत गर्दै समाचारमा भनिएको छ, "हालैको आममाफीले ती महिलाका पति (पूर्व सैनिक) लाई पनि समेट्ने अपेक्षा गरिएको थियो तर त्यसो हुन सकेन।"

"सिरिया पहिलेको तुलनामा सुरक्षित छैन, तर लेबनानमा बढ्दो खतराका कारण धेरै सिरियालीहरू अन्यत्र जान नसक्ने र पुनः सिरियातर्फ नै पर्किनुपर्ने अवस्थामा पुगेका छन्," कुगलले भन्नुभयो । उहाँले अगाडि भन्नुभयो, "उनीहरूको फिर्ती सिरियाको सुधारिएको अवस्थाको सङ्केत होइन, तर उनीहरूलाई सुरक्षित विकल्पहरूबाट बन्द गरिएको र हिरासत, दुब्यवहार र मृत्युको जोखिमको सामना गरिरहेको देशमा फर्कन बाध्य पारिएको तीतो वास्तविकताको सङ्केत हो।"

गत हप्ता यातायातमन्त्री अली हामिहले एएफपीलाई बताएअनुसार इजरायली बमबारीले लेबनान र सिरियाबीचको दोस्रो सीमा पार गर्न अक्षम बनाएको छ ।हिजबुल्लाहसँग करिब एक वर्षको सीमापार गोलीबारीपछि इजरायलले गत महिना समूहको गढमा आक्रमण तीव्र पारेको थियो र त्यसपछि सीमापारी स्थलसेना पठाएको थियो।

अमेरिका मतसर्वेक्षण :

# कमला ह्यारिस र डोनल्ड ट्रम्पमध्ये को अगाडि

**बीबीसी**

काठमाण्डु। संयुक्त राज्य अमेरिकामा आगामी नोभेम्बर ५ मा नयाँ राष्ट्रपति छान्न निर्वाचन हुँदै छ । यो निर्वाचनमा सुरुमा सन् २०२० मा झैँ जो बाइडन र डोनल्ड ट्रम्प उम्मेदवार बनेका थिए। तर गत जुलाई महिनामा बाइडनले आफू उम्मेदवार नबन्ने घोषणा गर्दै उपराष्ट्रपति कमला ह्यारिसलाई अगाडि सारे । के अमेरिकाले प्रथम महिला राष्ट्रप्रमुख पाउला त? कि पूर्वराष्ट्रपति डोनल्ड ट्रम्प पुनः सत्तामा फर्किएलान्? अमेरिकी राजनीतिमा यो अहिले चासोको मुख्य विषय बनेको छ। मतदानको दिन नजिकिँदै गर्दा हामी निर्वाचनसँग सम्बन्धित विविध पक्ष अनि ह्वाइटहाउसका लागि हुँदै गरेको प्रतिस्पर्धामा निर्वाचन प्रचारप्रसारले पार्ने प्रभावलाई नियमित रूपमा नियालिरहने छौँ।

## राष्ट्रिय मतसर्वेक्षणमा कसको अग्रता?

कमला ह्यारिस गत जुलाई महिनाको अन्त्यतिर प्रतिस्पर्धामा आएदेखि नै राष्ट्रव्यापी सर्वेक्षणहरूका औसत मानमा उनलाई डोनल्ड ट्रम्पभन्दा केही अगाडि देख्न थालियो । उनले निरन्तर आफ्नो अग्रता कायम राखेकी छन्।

तलको तालिकाले ह्यारिस र ट्रम्पले पाएको समर्थन देखाउँछ। यसमा प्रतिशतलाई दशमलवमा नभई नजिकैको पूर्ण संख्यामा प्रस्तुत गरिएको छ। निर्वाचन अभियान थालेपछि सुरुका केही साताहरूमा उनीप्रति समर्थन बढेको देखियो। अगस्ट महिनाको अन्तिमसम्म आइपुग्दा उनले झन्डै चार प्रतिशतको अग्रता कायम गरिन् । तर सेप्टेम्बरको पूर्वार्धदेखि दुई उम्मेदवारहरूप्रति समर्थन व्यक्त गर्ने मतदाताको संख्या तुलनात्मक रूपमा स्थिर छ। सेप्टेम्बर १० मा ह्यारिस र ट्रम्पबीच भएको बहसपछि पनि त्यसमा ठूलो परिवर्तन देखिएको छैन। टेलिभिजनबाट प्रत्यक्ष प्रसारित उक्त बहस सात करोड मानिसले हेरेका थिए।

विगत केही दिनयता प्रतिस्पर्धा निकै कडा हुने देखिएको छ । तलको चित्रले त्यसलाई देखाउँछ। विभिन्न रङ्गमा प्रस्तुत रेखाले मुख्य तीन उम्मेदवारका पक्षमा अभिव्यक्त मतको औसत मान र बिन्दुले प्रत्येक सर्वेक्षणमा उनीहरूले प्राप्त गरेको समर्थनको प्रतिशत सङ्केत गर्छन् । यस्ता सर्वेक्षणहरूले उम्मेदवारको लोकप्रियताको झल्को दिने भए पनि तिनकै आधारमा निर्वाचनको परिणाम यस्तै हुन्न भन्न चाहिँ सकिँदैन।

किनभने संयुक्त राज्य अमेरिकामा 'इलेक्टोरल कलेज' भनिने 'निर्वाचक मण्डल'मा आधारित प्रणालीले निर्वाचनको परिणामको छिनोफानो गर्छ। त्यसअन्तर्गत राज्यहरूलाई त्यहाँको जनसंख्याका आधारमा निश्चित संख्यामा मतभार अर्थात् 'इलेक्टोरल कलेज मत' दिइएको हुन्छ। देशभरिका सबै राज्यसँग कुल ५३८ इलेक्टोरल कलेज मत हुन्छ। निर्वाचन जित्न २७० इलेक्टोरल कलेज मत पाउनैपर्छ।



सर्वसाधारण मतदाताले राज्यस्तरीय प्रतिस्पर्धाका लागि मत दिन्छन्, राष्ट्रिय स्तरमा हैन । दुई राज्यमा बाहेक अन्यत्र सर्वाधिक मत ल्याउने उम्मेदवारले उक्त राज्यका लागि तोकिएको सबै मतभार अर्थात् इलेक्टोरल कलेज मत हात पार्ने प्रावधान छ। अमेरिकामा ५० राज्य छन् । अधिकांश राज्यले प्रत्येक निर्वाचनमा प्रायः एउटै पार्टीलाई मत दिन्छन्। केही राज्यमा मात्र दुई उम्मेदवारबीच प्रतिस्पर्धा हुन्छ ।ती राज्यले नै समग्र निर्वाचनको परिणाम तलमाथि पारिदिन्छन्। ती राज्यलाई 'ब्याटलग्राउन्ड स्टेट' (सङ्ग्रामभूमि राज्य) अथवा 'स्विङ स्टेट' भन्ने गरिन्छ।

## 'स्विङ स्टेट'मा कसले जित्ला?

यो निर्वाचनमा सात राज्यमा दुई उम्मेदवारबीच चर्को प्रतिस्पर्धा हुने देखिन्छ। मतसर्वेक्षणहरूमा ती राज्यमा कुनै पनि उम्मेदवारले स्पष्ट र निर्णायक अग्रता कायम गरेको देखिँदैन।

कमला ह्यारिस प्रतिस्पर्धामा आएदेखिको प्रवृत्ति हेर्दा राज्यहरूमा देखा परेका भिन्नताबारे बुझ्न सकिन्छ। तर राष्ट्रिय मतसर्वेक्षणभन्दा राज्यस्तरीय सर्वेक्षणको संख्या कम भएकाले हामीसँग पर्याप्त तथ्याङ्क उपलब्ध छैन। अनि प्रत्येक सर्वेक्षणमा केही त्रुटि हुने सम्भावना पनि हुन्छ। अर्थात् सर्वेक्षणले देखाउने संख्या वास्तविक संख्याभन्दा केही धेरै वा केही थोरै हुन सक्छ।

अगस्ट महिनादेखि एरिजोना, जोर्जा र नोर्थ क्यारलाइनामा एकै उम्मेदवारको अग्रता छैन। ती तीन राज्यमा केही सातादेखि ट्रम्प झिनो मतले अगाडि देखिएका छन्।

नभाडा राज्यमा पनि अगाडि हुने उम्मेदवार एकै छैनन्। त्यहाँ अहिले ह्यारिसलाई ट्रम्पभन्दा केही अगाडि देखिन्छ। मिशिगन, पेन्सिल्भेनिआ र विस्कन्सिनमा अगस्ट महिनादेखि ह्यारिस अगाडि छिन्। कहिलेकाहीँ उनी ट्रम्पभन्दा दुई वा तीन प्रतिशतले अगाडि भइन्। तर केही दिनदेखि प्रतिस्पर्धा बढेको देखिन्छ। अहिले पेन्सिल्भेनिआमा ट्रम्पले झिनो अग्रता पाएका छन्।

सन् २०१६ मा ट्रम्प विजयी हुनुअघि यी तीनवटै राज्यलाई डेमोक्र्याटिक पार्टीको गढ मानिन्थ्यो। सन् २०२० मा जो बाइडनले ती राज्यमा आफ्नो पार्टीको प्रभाव पुनः स्थापित गरे। यसपालि ह्यारिसले ती राज्यलाई आफ्नो पक्षमा पार्न सकिन् भने उनलाई चुनाव जित्न सजिलो हुने छ। उम्मेदवार नबन्ने घोषणा गर्नुअघि सातवटा 'स्विङ स्टेट' मा जो बाइडन आफ्ना प्रतिस्पर्धी ट्रम्पभन्दा औसतमा पाँच प्रतिशतले पछाडि रहेको मतसर्वेक्षणहरूले देखाएका थिए। तर उनको ठाउँमा ह्यारिस उम्मेदवार बनेपछि डेमोक्र्याटिक पार्टीका पक्षमा समर्थन बढेको देख्न थालियो।

पेन्सिल्भेनिआ राज्यमा बाइडन ४.५ प्रतिशतले पछाडि थिए। सात राज्यमध्ये सर्वाधिक इलेक्टोरल कलेज मत (१९) भएकाले दुवै उम्मेदवारका लागि पेन्सिल्भेनिआ महत्त्वपूर्ण छ । सो राज्यमा निर्वाचन जित्ने उम्मेदवारलाई परिणाम आफ्नो पक्षमा पार्न आवश्यक २७० मतभार पुऱ्याउन सहज हुन्छ।

## औसत मान कसरी निकालिन्छ?

माथिका चित्रमा प्रयुक्त संख्याहरू हामीले मतसर्वेक्षण विश्लेषण गर्ने वेबसाइट छघड बाट प्राप्त गरेका हौँ। उक्त वेबसाइट अमेरिकी समाचार सञ्जाल 'एबीसी न्यूज'को अङ्ग हो। धेरै सर्वेक्षण कम्पनीहरूले अमेरिकाभरि र 'ब्याटलग्राउन्ड' राज्यहरूमा गर्ने प्रत्येक मतसर्वेक्षणबाट उक्त वेबसाइटले तथ्याङ्क सङ्कलन गर्छ । सर्वेक्षित मानिसको संख्या अनि सर्वेक्षण गरिएको मिति र माध्यम (फोनबाट, टेक्स्ट मेसेजबाट, अनलाइनमाध्यमबाट आदि) जस्ता विवरण खुलाउने कम्पनीबाट मात्र उक्त वेबसाइटले विवरण लिन्छ।

## के यी मतसर्वेक्षणलाई विश्वास गर्न सकिन्छ?

कडा प्रतिस्पर्धा हुने सात राज्यमा कमला ह्यारिस र डोनल्ड ट्रम्प अहिले दुई प्रतिशत मतले मात्र अगाडिपछाडि भएको देखिन्छ। यस्तो परिस्थितिमा निर्वाचनको परिणाम कसको पक्षमा जान्छ भन्न सकिँदैन।

सन् २०१६ र २०२० मा सर्वेक्षणहरूले ट्रम्पको पक्षमा जाने समर्थनलाई कम आकलन गरेका थिए। सर्वेक्षण कम्पनीहरू अहिले त्यस्तो त्रुटि सच्च्याउने प्रयासमा छन्। उनीहरू आफूले प्रस्तुत गर्ने परिणाममा मतदान गर्ने जनसंख्याको संरचना प्रतिबिम्बित गराउन खोज्दै छन्।

त्यस्तो परिमार्जन गर्न त्यति सजिलो छैन। त्यसैले सर्वेक्षकहरूले नोभेम्बर ५ मा मतदान गर्ने को जान्छ भन्ने जस्ता पक्षहरूको विवेचना गर्न आफ्नो ज्ञान र विवेक प्रयोग गर्नुपर्ने देखिन्छ।

# किसानलाई व्यावसायिक तरकारीखेती गर्ने तरिका सिकाउन कार्यालय परिसरमै बारी



कञ्चनपुर । कृष्णपुर नगरपालिकाको कार्यालय परिसरमै तरकारी बारी बनाइएको छ । तरकारी बारीमा काउली, बन्दागोभी, गोलभेँडा, खुर्सानी लगायतका तरकारी रोपिएको छ । केही तरकारी क्यारी बनाएर रोपिएका छन् ।

केही तरकारी परिसर छेउमै बनाइएको पोलिहाउसभित्र रोपिएका छन् । उन्नत बढी मह उत्पादन गर्ने एपिस मेलिफेरा जातको मौरीका घार कार्यालय परिसरमै लस्करै राखिएका छन् । घारमा मौरीपालन गरिएको छ । बारीमा लगाइएका बोटबिरुवामा मल राख्नका लागि गड्यौँलापालनको कार्य पनि गरिएको छ ।

नगरपालिकाको कृषि विकास शाखाका कर्मचारीले कार्यालय परिसरमा बारी तयार गर्ने, बीउ रोप्ने, गोडमेल गर्ने, आवश्यकताका आधारमा मल राख्ने, सिँचाइ गर्ने लगायतका कार्य गर्दै आएका छन् । व्यावसायिक तरकारीखेती गर्न आउने किसानलाई बारीमै लगेर खेती गर्ने तरिका सिकाउनका लागि करेसाबारी तयार गरिएको कृषि विकास शाखाका प्रमुख लालबहादुर धामीले बताउनुभयो ।

"करेसाबारीसँगै पोलिहाउसमा उन्नत जातका तरकारीका बिरुवा रोपिएका छन्", उहाँले भन्नुभयो, "किसानलाई उन्नत जातको बीउ छनोट गर्ने तरिका, उन्नत बीउको प्रयोग गरे कुन तरिकाले बढी उत्पादन लिन सकिन्छ भन्ने कुरा बारीमै लगेर सिकाउँछौँ, त्यसैका लागि यो बारी तयार गरेका छौँ ।" पोलिहाउसभित्र कसरी तरकारीखेती गर्ने भन्नेबारे पनि किसानलाई सिकाउने कार्य हुँदै आएको उहाँको भनाइ छ ।

रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भई दीर्घकालीन रोग देखापर्न थालेको उल्लेख गर्दै शाखा प्रमुख धामीले जैविक विधिको प्रयोग गरी मल तयार गर्नका लागि गड्यौँलापालन कसरी गर्ने, त्यसबाट उत्पादित मल खेतबारीमा कसरी हाल्ने भन्नेबारे किसानलाई जानकारी दिने गरेको बताउनुभयो ।

मेलिफेरालाई उन्नत जातको मौरीका रुपमा चिनिन्छ । यस मौरीको एक घारबाट वर्षमा ६० किलो बढी मह उत्पादन गर्न सकिन्छ । मौरीपालनमा लागेका किसानलाई उन्नत जातको मौरीपालन गरी बढी आम्दानी लिन सकिन्छ भन्ने जानकारी दिनका लागि घार राखेर मौरीपालन गरिएको शाखा प्रमुख धामीको भनाइ रहेको छ । रासस

# गैँडाकोटले सयपत्री फूल जिल्ला बाहिर पठाउँदै

नवलपुर । नवलपरासी (बर्दघाट-सूस्तापूर्व) को गैँडाकोट नगरपालिकाभित्र यसवर्ष सयपत्री फूलखेती फस्टाएको छ । यहाँ उत्पादित सयपत्री फूल स्थानीय बजारका साथै गरी छिमेकी जिल्लामासमेत पठाउने गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ ।

नगरपालिकाले फूलको बीउमा अनुदान तथा प्राविधिक सहयोग गरेपछि फूलको उत्पादन वृद्धि भएको हो । यसवर्ष स्थानीय फूलको माला प्रवर्द्धन गर्न नगरपालिकाले प्लास्टिकका मालाको आयात बन्द गरेपछि किसानले उत्पादन गरेका फूल बढी खपत भएको गैँडाकोट-१ की पुष्प व्यवसायी मीना केसीले बताउनुभयो । विगतको वर्षको तुलनामा यसवर्ष फूलको उत्पादन बढी भएकाले स्थानीय बजारका साथै जिल्ला बाहिरबाट समेत माग आएको उहाँले उल्लेख गर्नुभयो ।

"बारीमा ढकमक्क फूल फुलेको छ, तिहार भर्खरै सुरु भएको छ", उहाँले भन्नुभयो, "तिहारको अवधिमा यहाँको सबै फूल खपत हुनेमा विश्वस्त छौँ ।" एक्लो प्रयासमा तीन कठ्ठा क्षेत्रफलमा फूलखेती गरेको भन्दै केसीले बीउमा अनुदान तथा फूलमा रोगकीरा लागेमा सोको व्यवस्थापनका लागि नगरपालिकाले प्राविधिक सहयोग गरिरहेको बताउनुभयो ।

फूलखेती गर्न मेहनत धेरै गर्नुपर्ने भए पनि फूल बिक्री हुँदा नोक्सानी नहुने केसीले बताउनुभयो । गैँडाकोटमा उत्पादन भएको सयपत्री फूलको माला प्रतिगोटा रु ६० देखि रु एक सयसम्म तथा फूल प्रतिकिलो रु तीन सय ५० देखि रु पाँच सयसम्ममा बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । फूल आवश्यक पर्ने व्यक्ति तथा संस्थाले आफूहरुलाई सम्पर्क गरेर माग गर्ने गरेका भन्दै आजदेखि भने आमउपभोक्तालाई लक्षित गरी फूल टिप्न सुरु गरिएको केसीले बताउनुभयो । "तिहारका लागि फूलको माग आइरहेको छ", उहाँले भन्नुभयो,



"आजदेखि फूल टिपेर सर्वसाधारणका लागि पनि बिक्री वितरण गर्ने गरी तयारी गरेका छौँ ।"

गैँडाकोटमा सयपत्री फूलको उत्पादन राम्रो हुने भएकाले किसानलाई फूलखेतीमा आकर्षण गर्न अनुदान दिन सुरु गरिएको नगरपालिका कार्यालयले जनाएको छ । नगरपालिकाका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले सयपत्रीको उन्नत जातको बीउ लगाउँदा यस वर्ष राम्रो उत्पादन भएको बताउनुभयो । "हामीले सयपत्री फूलको बीउमा बिलको आधारमा ५० प्रतिशत अनुदान दिएका छौँ", उहाँले भन्नुभयो, "फूलखेतीको नियमित हेरचाह र रोगकीराको सङ्क्रमण देखिँदा किसानलाई प्राविधिक सहयोग समेत गर्दै आएका छौँ ।"

कृषि विकास शाखा प्रमुख शर्माकाअनुसार यसवर्ष गैँडाकोट नगरपालिकाभित्र मात्रै ४१ जना किसानले एक कठ्ठादेखि एक बिघा जमिनमा व्यावसायिक सयपत्री फूलखेती गरेका छन् । "व्यावसायिक रुपमा खेती गरेका किसानले पाँच बिघा भन्दा बढी क्षेत्रफलमा सयपत्री फूलको खेती गरेका छन्", उहाँले भन्नुभयो, "व्यक्तिगत प्रयोजनका लागि समेत यहाँ फूलखेती गरिने हुँदा नगरपालिकाभित्र करिब आठ बिघा क्षेत्रफलमा फूलखेती भएको छ ।"

यहाँ उत्पादन भएको फूल स्थानीय बजारमा पर्याप्त भएर नारायणगढ, कावासोती, काठमाडौँ, पोखरा, बुटवललगायत सहरमा पठाउन पालिकाले समन्वय गरिरहेको शर्माले जानकारी दिनुभयो । नगरपालिकाले तीन वर्ष अघि व्यावसायिक रुपमा फूलखेती गर्न किसानलाई आकर्षित गरेको उल्लेख गर्दै उहाँले त्यसपछिका वर्षमा किसानलाई तालिम, बीउ र बिरुवामा अनुदान, प्राविधिक सहयोग नियमित गर्दै आएको बताउनुभयो ।

गैँडाकोटमा फूलखेतीका लागि उपयुक्त माटो र हावापानी भएकाले आगामी वर्षमा उत्पादनसँगै क्षेत्रफल बढाउन किसान लक्षित विभिन्न कार्यक्रम ल्याउने योजना रहेको कृषि विकास शाखा प्रमुख शर्माले जानकारी दिनुभयो । यहाँ व्यक्ति तथा समूहले व्यावसायिक रुपमा सयपत्री फूलखेती गर्दै आएका छन् ।रासस

# बेनी-दरबाङ हुँदै ढोरपाटन सिरकार आरक्ष

ढोरपाटन । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनलाई म्याग्दीबाट जोड्न थालिएको छ । म्याग्दीको सदरमुकाम बेनी बजारदेखि दरबाङ-मुना-मरेनीदेखि पातीहाल्ना हुँदै ढोरपाटन जलजला जोड्न थालिएको हो ।

बागलुङतर्फबाट एक दशकअगाडि नै ढोरपाटन जोडिए पनि म्याग्दीबाट अझै १० किलोमिटर 'ट्र्याक' खुलाउन बाँकी रहेको छ । विसं २०६७ मा दरबाङबाट सुरु भएको सडकको ट्र्याकले अझै पूर्णता पाएको छैन । सङ्घीय सरकारले उक्त सडकका लागि यस वर्ष पनि बजेट विनियोजन गरेको छ ।

सडक डिभिजन कार्यालय बागलुङमार्फत सडकको काम सुरु हुन थालेको हो । उक्त सडकको ट्र्याक खोल्नका लागि सङ्घीय सरकारले यस वर्ष रु पाँच करोड विनियोजन गरेको सडक डिभिजन कार्यालय बागलुङका इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो । गत वर्ष पनि रु दुई करोड विनयोजन भएको हुँदा उक्त बजेटले पाँच किलोमिटर सडक खुलाएको उहाँको भनाइ छ । यस वर्ष ढोरपाटनसम्मै सडक पुर्‍याउनका लागि ठेक्का प्रक्रिया अगाडि बढेको अधिकारी बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "गत वर्ष पनि त्यो सडकमा हामीहरुले काम गरेका थियौँ, यस वर्ष पनि बजेट आएको छ, भौगोलिक कठिनाइका कारण अहिलेसम्म ढोरपाटन जोड्न सकिएको छैन, चालु आर्थिक वर्षको बजेटले पनि भ्याउँछ कि भ्याउँदैन, ठेक्का प्रक्रिया अगाडि बढेको छ, पोहोर साल झन्डै पाँच किलोमिटर सडकको ट्र्याक खुलाएका थियौँ, यस वर्ष पनि अब केही दिनमा काम सुरु गर्छौं ।"

धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले धवलागिरि-२ मरेनीदेखि पातीहाल्नेसम्मको १० किलोमिटर ट्र्याक खुलेपछि ढोरपाटन जोडिने बताउनुभयो । म्याग्दी सदरमुकाम बेनी बजारदेखि पातीहाल्नासम्म ८६ किलोमिटर दूरी रहेकामा हालसम्म करिब ७६ किलोमिटर सडक खुलेको उहाँको भनाइ छ । यो सडक 'पर्यटकीय सडक' हुने निश्चित रहेको भन्दै काठमाडौँ, पोखरा लगायतका सहरदेखि ढोरपाटन पुग्ने पर्यटकलाई छोटो पर्ने उपाध्यक्ष पुन बताउनुहुन्छ ।

"यो सडक निर्माण गर्न थालेको धेरै समय भयो, सडक खुलेर ढोरपाटनदेखि यातायात सञ्चालन हुन थाले भने म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका नागरिकलाई यातायातमा सहज हुने नै भयो", पुनले भन्नुभयो, "त्यसका साथै म्याग्दी हुँदै ढोरपाटन पुग्ने पर्यटकलाई पनि धेरै छिटो हुने थियो, सडक सञ्चालनमा आयो भने ढोरपाटनमा ठूलो स[illegible] यामा पर्यटक बढ्ने सम्भावना छ ।"रासस

# लालीगुराँसका महिला जैविक सागसब्जी उत्पादनमा रमाउँदै

तेह्रथुम । जिल्लाको लालीगुराँस नगरपालिका-१ की किसान दीपा पौडेलको बारी र बगैँचामा मौसमी तथा बेमौसमी सागसब्जी बाह्रै महिना हेर्न पाइन्छ ।

आफूले लगाउने सागसब्जीमा उहाँ रासायनिक मल र विषादीको साटो कम्पोष्ट मल र जैविक विषादी प्रयोग गर्नुहुन्छ । दश रोपनी जग्गामा जैविक सागसब्जी उमार्दै आउनुभएकी उहाँले सागसब्जी बिक्रीबाट वार्षिक रु पाँच लाखभन्दा बढी आम्दानी गर्दै आएको बताउनुभयो । स्थानीय तीनजुरे महिला किसान समूहकी सचिव दीपा त्यस क्षेत्रकी जैविक सागसब्जी उत्पादक किसान हुनुहुन्छ ।

लालीगुराँस नगरपालिका-७ ओखरबोटे महिला किसान समूहकी अध्यक्ष मेनुका पोखेलले पनि उहाँजस्तै सागसब्जीमा रासायनिक मल र विषादीको प्रयोग गर्नुहुन्न । यसैगरी लालीगुराँस नगरपालिका-३ की किसान गीता राईले पनि विगत पाँच वर्षदेखि रासायनिक मलबिना सागसब्जी फलाउँदै आउनुभएको छ ।



रासायनिक मल प्रयोग नगर्दा उत्पादन केही कम भए पनि उपभोक्ताका लागि स्वस्थकर हुने भएकाले त्यसतर्फ बढी ध्यान दिएको कृषक गीता बताउनुहुन्छ । दीपा र गीतामात्र होइन लालीगुराँस नगरपालिकाको वडा नम्बर १, ३ र ७ प्रयोग गरी सागसब्जी उत्पादन आएका छन् । रासायनिक मल प्रयोगकर्ता उहाँहरूलाई पाँच वर्षअघि तेह्रथुममा क्रियाशील गैरसरकारी संस्था दलित सचेतना समाज (ड्यास)ले त्यसको प्रयोग बिना पनि खेती गर्न सकिने यथेष्ट जानकारीसँगै तालिम दिएपछि उहाँहरू गाईभैँसीको गोबर र पत्करबाट बनेको मल प्रयोग गरी सागसब्जी उत्पादनतर्फ आकर्षित हुनुभएको हो ।

ड्यासले सञ्चालन गरेको तालिममा सहभागी भएपछि रासायनिक मलको प्रयोगबाट उत्पादित सागसब्जीले मानव स्वास्थ्यमा पार्ने असरबारे थाहा पाएको लालीगुराँस नगरपालिका-३ चित्रेकी किसान सुशीला राईले बताउनुभयो । तालिममार्फत रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पुग्ने, माटो बिग्रिने र सागसब्जीमा पनि रोग निम्तिने जानकारी पाएपछि जैविक खेतीमा लागेको उहाँले बताउनुभयो ।

"पहिले सागसब्जीमा विषादी छर्किँदा दुई-तीन दिन बिरामी नै परिन्थ्यो, हातखुट्टा झम्झमाउने, दुख्ने हुन्थ्यो", लालीगुराँस नगरपालिका-१ की गीता पौडेलले भन्नुभयो, "त्यो विषादीले असर गरेको रहेछ ।" ड्यासको तालिम पाएपछि पाँच वर्षदेखि रासायनिक मल र विषादीको प्रयोग बन्द गरेको उहाँले बताउनुभयो । पाँच वर्षदेखि कम्पोष्ट मलमात्र प्रयोग गर्न थालेपछि बल्ल माटोमा सुधार आउन थालेको उहाँले बताउनुभयो । तालिममा कम्पोष्ट मल बनाउने तरिका सिक्यौँ र अहिले छ-छ महिनामा समूहमा मिलेर वाष्पीकरण विधिबाट मल बनाउँछौँ, समूहका सबै सदस्यले एक-एकथरि मल बनाउने झारपात ल्याएर सामूहिक रूपमा मल बनाएर आपसमा बाड्छौँ किसान गीताले जानकारी दिनुभयो । यसबाट हाम्रो धेरै बचत भएको छ र सीप पनि सिक्न पाएका छौँ उहाँहरू भन्नुहुन्छ । जैविक मल प्रयोग भएको सागसब्जी छिट्टै नकुहिने र स्वाद पनि बेजोड हुने स्थानीय उपभोक्ता भूमि राईले बताउनुभयो ।

चिनी मलको अत्यधिक प्रयोग हुने सो क्षेत्रमा त्यसको प्रयोग शून्य बनाउन निकै गाह्रो भएको अनुभव ओखरबोटे महिला किसान समुहकी अध्यक्ष मेनुका पोखेलले सुनाउनुभयो । चिनीमल नहालेको सुरुको वर्ष अन्य वर्षको तुलनामा चार भागको एक भाग पनि सागसब्जी उत्पादन नभएको उहाँले बताउनुभयो । नगरपालिकाको भकारो र गोठ सुधार कार्यक्रमले कम्पोष्ट मल बनाउने तरिका सिकाएको उहाँको बताउनुभयो । मललाई छाना लगाएर राखिने गाईवस्तुको पिसाब ट्याङ्कीमा जम्मा गरी सागसब्जीमा लगाउँदा चिनीमलको जस्तै काम गर्छ भन्ने थाहा पाएपछि आफूहरूले त्यसै गरेको किसानहरूले सुनाउनुभयो ।

आर्थिक वर्ष २०७५/७६ देखि ड्यासले सो क्षेत्रमा जैविक खेतीसम्बन्धी जनचेतनामूलक तालिम सञ्चालन गरेको थियो । तालिम लिएपछि २०७६ सालमै ड्यासको नै समन्वयमा तीनवटा वडामा ३७ वटा महिला किसान समूह गठन गरिएको ड्यासका कार्यक्रमका संयोजक कुमार विशर्‍ले बताउनुभयो । "अधिकांश घरका पुरुष रोजगारीका सिलसिलामा विदेशमा छन्, घरमा भएका महिला नै कृषि उत्पादन कार्यमा संलग्न छन्, त्यसैले हामीले महिला किसान समूह गठन गरी चरणबद्ध रूपमा जैविक उत्पादनका लागि कार्यक्रम गरेका छौँ", उहाँले भन्नुभयो ।

लालीगुराँस नगरपालिकाको वडा नम्बर १, ३ र ७ मा नगरपालिकासँगको सहकार्यमा ड्यासले भकारो सुधार, गोठ सुधार कार्यक्रम, मल बनाउने तालिम सञ्चालन गरेको थियो । अहिले पनि ड्यासले रासायनिक मलको प्रयोगलाई कम गर्ने र जैविक मलको मात्रालाई बढाउँदै लाने विषयमा सचेतनामूलक कार्यक्रम गरिरहेको पाइएको छ ।

त्यसैगरी नगरपालिकासँगको सहकार्यमा जैविक खेतीका लागि किसानकै खेतबारीमा गएर ब्याड नर्सरीदेखि उत्पादनसम्म गरिने जैविक प्रक्रिया (किसान पाठशाला) पनि सञ्चालन गरिएको थियो । गाईवस्तुको भकारो सुधार, भकारोमा छाना लगाउने अभियान, विभिन्न विद्यालयका आठ सय बढी बालबालिकाका लागि जैविकखेतीको विषयमा कक्षा सञ्चालन, जैविकखेतीको महत्वका विषयमा वक्तृत्वकला प्रतियोगिताजस्ता कार्यक्रम ड्यासले सञ्चालन गरेको थियो ।

जैविकखेती गर्न चाहने विपन्न लक्षित महिलाहरूलाई अनुदान, जैविक सागसब्जी बिक्री केन्द्र, जैविक सागसब्जी सङ्कलन केन्द्र स्थापना, लालीगुराँस जैविक सहकारी संस्था स्थापना गरी त्यसमार्फत जैविक सागसब्जी मेलाजस्ता कार्यक्रम सञ्चालन गरिएको ड्यासले जनाएको छ । अधिक मात्रामा चिनीमल प्रयोग हुने सो क्षेत्र हाल जैविक सागसब्जीको केन्द्रका रूपमा विकास भएको छ ।रासस

# पाल्न छोडे किसानले हल गोरु, आधुनिक हलोले जोत्छन् खेतबारी

ढोरपाटन । एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा पुग्दा खेतबारी जोत्न हल गोरु नै प्रयोग गरिन्थ्यो । खेतबारी जोत्ने हली पनि प्रशस्त हुन्थे । तर हिजोआज जनशक्ति अभावमा खेतबारी बाँझोमा परिणत हुँदै गएका छन् । सीमित खेतबारीमा मात्रै किसानले खेती गर्ने छन् । पहिले हल गोरुको काम अहिले मिनिटेलर (आधुनिक हलो) बाटै हुन थालेको छ । बजार क्षेत्रमा एक दशक अगाडिदेखि नै आधुनिकको प्रयोग गरेर खेतबारी खनजोत गरिए गाउँमा त्यो सुविधा थिएन ।

अहिले यो सुविधा गाउँगाउँ र टोलटोलसम्मै पुगेपछि हल गोरु पाल्न छोडिएको हो । अहिले ग्रामीण क्षेत्रका किसानले अगाल्दै आएको परम्परागत खेती प्रणाली फेरिँदै गएपछि गाउँमा अचेल हल गोरु पाउन मुस्किल हुन्छ । जिल्लाको ढोरपाटन, गलकोट, जैमिनी नगरपालिका, निसीखोला, तमानखोला, ताराखोला गाउँपालिकाका एउटै परिवारले दस हलसम्म गोरु पाल्ने गरेको पाइन्थ्यो तर अहिले त्यो अवस्था छैन ।

अहिले बारी खनजोत र बाली लगाउने तथा भित्र्याउने कामका लागि अर्मपर्म गर्ने चलन



पनि हटेको छ । पछिल्लो समय खनजोतका लागि मिनिटेलर हलो बढी प्रयोगमा आएपछि गोरुले दुई दिनमा सक्ने काम मिनिटेलरले दुई घण्टामै सकिदिन्छ । त्यसले गर्दा किसानको आधुनिक हलोप्रति आकर्षण बढेको गलकोट नगरपालिका-५ का कृष्णबहादुर खत्रीले बताउनुभयो । मिनिटेलर हलोले छिटोछिटो जोत्दा समयको बचत हुने र खर्च पनि कम हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पाँच/सात वर्ष पहिला गाउँमा धेरै मान्छे थिए, वरपरका छरछिमेकी भएर अर्मपर्म गर्थ्यौँ, गोरु नपाल्ने कोही हुन्थेन, अहिले त युवा जति विदेश गए, हामी बुढाबुढी भयौँ, गोरु पाल्न सक्ने अवस्था छैन, बजारमा गएर हलो किनेर ल्यायो, गोरुले दिन भरि लगाउने काम एकै छिनमा सकिन्छ ।"

निसीखोला गाउँपालिका-४ का मनप्रसाद पौडेलले गोरुले खेतबारी जोत्दा समय लाग्ने भए उत्पादन राम्रो हुने तर मिनिटेलरले छिटो भए उत्पादनमा ह्रास आउने बताउनुभयो । मिनिटेलरले बारी गहिरो गरी नजोत्दा मकै, धान धल्ने गरेको सुनाउँदै पहाडी क्षेत्रमा हल गोरु नै ठीक हुने उहाँको अनुभव छ ।

"अहिले गाउँमा गोरु पाल्ने किसान निकै कम छन्, पहिले प्रत्येकको घरमा एक हल गोरु हुन्थे, अहिले मिनिटेलर हलो छ, गोरुले जोत्दा खेतीपाती सप्रिन्थ्यो, उत्पादन राम्रो हुन्थ्यो, तर अहिले धान, गहुँ, मकै कम उब्जनी हुन्छ", उहाँले भन्नुभयो, "सुरुसुरुमा गाउँमा मिनिटेलर आउँदा प्रयोग गरियो, तर उत्पादन घटेपछि अहिले त ओल्लोपल्लो गाउँमा गएर भए गोरु खोजेरै जोत्ने गरेको छु ।"

बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएपछि बागलुङ नगरपालिकाले हल गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्न थालेको छ । अघिल्लो वर्षदेखि नै किसानले रु पाँच हजारका दिन थालेको हो । गत वर्ष नगरपालिकाले ८१ किसानलाई प्रोत्साहन रकम प्रदान गरेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । हाते ट्र्याक्टर तथा प्रविधिको बढ्दो प्रयोगका कारण पुस्तौँदेखि चल्दै आएको गोरुले जोत्ने परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि हल गोरु पाल्ने किसानलाई प्रोत्साहन गरिएको उहाँको भनाइ छ ।

नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "आधुनिकीकरणको नाममा हाम्रो परम्परागत खेती प्रणालीलाई अन्त्य गर्नुहुँदैन, आवश्यकताको आधारमा हेरेर आधुनिकीकरण गर्ने हो, व्यावसायिक खेती गर्न परम्परागत खेती गर्नका लागि हल गोरु नै राम्रो हुन्छ, नगरपालिकाले प्रोत्साहन गर्न थालेपछि किसान पनि खुसी हुनु भएको छ ।"रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४४ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ५८ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७४ रुपैयाँ २५ र बिक्रीदर एक सय ७५ रुपैयाँ ०३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ४३ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ १२ पैसा र बिक्रीदर ८८ रुपैयाँ ५१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ६६ पैसा र बिक्रीदर ९७ रुपैयाँ ०९ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ३२ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ७७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ७५ पैसा र बिक्रीदर आठ रुपैयाँ ७९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८१ पैसा र बिक्रीदर १८ रुपैयाँ ८९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ६९ पैसा र बिक्रीदर ३० रुपैयाँ ८३ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६८ पैसा र बिक्रीदर नौ रुपैयाँ ७२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५९ पैसा र बिक्रीदर १२ रुपैयाँ ६४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४३ पैसा र बिक्रीदर १९ रुपैयाँ ३५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २८ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ६० पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ५६ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ र बिक्रीदर तीन सय ५७ रुपैयाँ ५९ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# महिलाको पहिचान खुल्यो, पतिपत्नी पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाको वडा नम्बर ७ दनौलीमा फेला परेको मृतका महिलाको पहिचान खुलेको छ।

धनुषा जिल्लाको शहीदनगर यदुकूहा नगरपालिका वडा नम्बर ७ निमुवा टोल माइती भएकी मालती मण्डलको हत्या भएको जिल्ला प्रहरी कार्यालय महोत्तरी स्रोतले जनाएको छ।

हत्या अभियोगमा महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नम्बर ५ बस्ने राकेश नायक र उनकी पत्नी रिना देवीलाई प्रहरीले बुधवार पक्राउ गरेको छ।

नायक र रिना मिलेर मालतीको हत्या गरेको प्रहरीले जनाएको छ। निसन्तान नायक दम्पतीले मालतीको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

राकेश नायकले मालती मण्डलसितकेहिमहिनादेखिलिभिंइ टु गेदरमा थिए ।तर उनीहरुबीच कहिलेकाहीँ झैझगडा हुने गरेको थियो ।झैझलगडा हुने र फेरी सुलह हुने गरेपछि सोमवार राती २ बजे मालतीलाई पिपरा गाउँपालिकाको दनौलीमा रहेको आँपको बगैँचामा लगेर हत्या गरिएको प्रहरीले जनाएको छ।


मालतीले लगाएकी सलले उनको घाँटी थिचेर हत्या गरी त्यै साल अनुहारमा राखेर आगो लगाइएको प्रहरीको अनुसन्धानबाट देखिएको छ ।मृतक महिलाको पहिचान लुकाउन अनुहारमा सल राखेर आगो लगाएको बताइएको छ।

प्रारम्भिक वयानमा रमेश नायक र रिना देवीले हत्या गरेको स्विकारेको प्रहरी स्रोतले जनाएको छ ।सन्तानका लागि मालतीसित बिहा गर्न चाहेको नायकले सम्बन्धमा विवाद बढेपछि हत्या गरेको बताइएको छ।

शवको सनाखत हुन नसकेको कारण पोष्टमार्टम समेत हुन सकेको थिएन् ।शव प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ ।पहिचान खुलिसकेपछि मृतकका परिजनलाई शव जिम्मा लगाइएने प्रहरीले तयारी गरेको छ।

# अवैध शुल्क उठाउने निजी क्याम्पसलाई कारबाही गर्न माग

विद्यार्थीसंग अवैध शुल्क क्याम्पसलाई उठाउन नदिने विषयमा जनकपुरधामका नगर बुधबार जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले नेविसंघका धनुषा जिल्ला अध्यक्ष आशुतोष झासंग लिखित सहमति गरेका छन् ।



**टुडे समाचारदाता**

जनकपुरधाम। विद्यार्थीहरुसँग मनोमानी शुल्क उठाउने गरेको आरोप लगाउँदै नेपाल विद्यार्थी संघ धनुषाले कारबाहीको माग गरेको छ।

नीजि क्याम्पसलाई कारबाही गर्न माग गर्दै जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय र नेविसंघबीच सहमति भएको छ।

विद्यार्थीसंग अवैध शुल्क क्याम्पसलाई उठाउन नदिने विषयमा जनकपुरधामका नगर बुधबार जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले नेविसंघका धनुषा जिल्ला अध्यक्ष आशुतोष झासंग लिखित सहमति गरेका छन्।

निजी क्याम्पसहरुले राष्ट्रिय परीक्षा बोर्डले तोकेको रजिष्ट्रेशन शुल्क, परीक्षा शुल्कबाहेक विभिन्न बहानामा रकम असुली गर्ने गरेको गुनासो विद्यार्थीहरुको छ । विद्यार्थीको गुनासोबारे नेविसंघले ज्ञापन-पत्र बुझाएपछि नगरप्रमुख साहले अवैध ढंगले रकम असुल्ने क्याम्पसहरुलाई कारबाहीको दायरामा ल्याउने तयारी गरेका छन्।

शैक्षिक सत्र ०८०/०८१, ०८१/०८२ मा कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न सिफारिस भएका विद्यार्थीलाई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा २७ को उपदफा (३) र नियमावली २०७७ को नियम ८ बमोजिम राष्ट्रिय परीक्षा वोर्डले तोकेको रजिष्ट्रेशन शुल्क, परीक्षा शुल्क वाहेक लिएको अन्य शुल्क सम्बन्धित विद्यार्थीलाई अविलम्व विद्यालयवाट फिर्ता गराउने र फिर्ता नगरेमा कानुन बमोजिम कार्यवाही हुने सहमति-पत्रमा उल्लेख गरिएको छ । त्यस्तै भर्ना भएका बिद्यालयमा एक पटक मात्र विद्यार्थीसंग भर्ना शुल्क लिने कानूनी प्रावधानअनुसार हुने तथा पुनः दोस्रो पटक भर्ना शुल्क लिएको भए फिर्ता गर्ने पनि सहमति गरिएको छ।

# हनुमान जयन्ती सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम। यमपञ्चकको दोश्रो दिन बुधबार जनकपुरधाममा विभिन्न कार्यक्रम गरी हनुमान जयन्ती मनाइएको छ । हनुमान जयन्तीको अवसरमा अन्य वर्ष झैं साधु सन्त तथा भक्तजनले भगवान हनुमानको पूजा अराधना गरी हनुमान जयन्ती मनाएका छन्।

हनुमान जयन्तीको अवसरमा मिथिलाञ्चल सांस्कृतिक कला परिषद्ले जनकपुरधामस्थित रेल्वे स्टेशनमा हनुमान चालिसा पाठ वाचन गर्दै भजन किर्तनसहितका साधुसन्तहरुलाई भण्डारालगायतको कार्यक्रमको आयोजना गर्नुका साथै सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरेको थियो।

यसअघि परिषद्ले रेल्वे स्टेशनबाट हनुमान मन्दिरबाट शोभा यात्रा समेत निकालेका थिए । सो शोभा यात्रा जानकी मन्दिर, संकटमोचनलगायतका विभिन्न मठ मन्दिर हुँदै जनकपुरधामको नगर परिक्रमा गरेको थियो।

परिषद्का अध्यक्ष शम्भु साहले हिन्दु धमावलम्बीहरु पर्व यमपञ्चकका बिच हनुमान जयन्ती पर्ने भएकाले ओझेलमा परिरहेको समयमा आफूहरु भगवान हनुमानको जयन्ती भव्यतापूर्वक मनाउँदै आएको बताए । उनका अनुसार विगत १४ वर्षदेखि परिषदले हनुमान जयन्तीको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउँदै आईरहेको छ। परिषदसँगै स्टेशनस्थित हनुमान मन्दिरमा समेत पूजापाठ, भजन, किर्तन कार्यक्रमको आयोजना गरिएको छ।

मिथिलाञ्चलको प्रत्येक घर घरमा हनुमान जयन्ती दिपावलीको पूर्व सन्ध्यामा मनाइँदै आएको छ। भगवान हनुमानको पूजा अर्चना एवं मन्त्र स्तोत्र पाठ गर्नाले शुभ फल मिल्ने, माता लक्ष्मीको कृपा बन्ने शनि ग्रहको दोष नलाग्ने देखि भुतप्रेत पिसाचबाट मुक्ति मिल्ने गरेको छ । हनुमानको पूजा गरेमा वैवाहिक सुख मिल्ने र पती-पत्नीबीचको कलह समेत हट्ने उनको भनाइ छ।

चैत शुक्ल पूर्णिमालाई पनि हनुमान जयन्तीको रुपमा व्याख्या गरिएपनि कार्तिक महिनाको कृष्ण पक्षको चतुर्दशी तिथीलाई हनुमान जयन्तीकै रुपमा लिइने गरिन्छ । शास्त्रमा मतैक्य नहुनाले चैत्र शुक्ल पूर्णिमाका दिन हनुमानजीको जन्म दिवस मनाउने त गरिन्छ, यद्यपि वायु पुराणादि अनुसार कार्तिक महिनाको शुक्ल चतुर्दशीका दिन हनुमान् जयन्ती अधिक प्रचिलित रहे पनि पहिलो जन्म दिवस र दोस्रो विजय अभिनन्दन महोत्सवको रुपमा रहेको छ।

# छठको तयारी तीव्र



**टुडे समाचारदाता**

जनकपुरधाम। श्रद्धा, भक्ति र नियम-निष्ठापूर्वक मनाइने महान् पर्व छठको तयारी तीव्र रुपमा भइरहेको छ । जनकपुरधाममा श्रद्धापूर्वक मनाइने महान् पर्व छठको तयारीस्वरुप स्थानीयस्तरमा विभिन्न तलाउ र सरोवरहरूको सरसफाई तथा सजावट गर्ने काम सुरु भएको छ।

निष्ठा र विधिपूर्वक मनाइने यस क्षेत्रको साझा लोक पर्व छठका लागि आवश्यक पर्ने सामग्रीहरुको जोहो गर्ने र किनमेल गर्ने कार्यमा सर्वसाधारण स्थानीय हाट बजारमा व्यस्त देखिएका छन् । विशेषगरी मिथिला क्षेत्रमा मनाइने छठ कार्तिक २० गते मंगलबारबाट नहाय, खाय गरी विधिवत् रुपमा सुरु हुने छ।

जनकपुरधाममा रहेका दर्जनौँ पोखरीहरूको सरसजावट, पण्डाल लगाउने, बिजुली बत्ति जडान गर्ने काम बुधबारदेखि सुरु भएको छ। यसका साथै व्रती तथा आफन्तहरुले एक महिना अगाडि देखि नै छठ पर्वका आवश्इक सामग्रीहरु किनमेल गर्न थालेका छन्।

# कम्युनिस्ट नेता कर्माचार्यको सम्झनामा बिरामीलाई फलफुल वितरण




**टुडे समाचारदाता**

राजविराज । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नरबहादुर कर्माचार्यको जन्म शताब्दी मनाइएको छ। राजविराजमा बुधबार उनको राजनीतिक योगदानको सम्झना तथा विरामीहरुलाई फलफुल वितरण गरी मनाइएको छ।

यस अवसरमा नरबहादुर कर्माचार्य स्मृती प्रतिष्ठान सप्तरी शाखाले बुधबार नेकपा माओवादी केन्द्र सप्तरीको समन्वयमा स्थानीय गजेन्द्र नारायण सिह अस्पताल तथा सोही अस्पताल परिसरमा संचालित पोषणगृहमा उपचारका लागी भर्ना भएका २ सय ८ जना विरामीहरुलाई फलफुल र पोषणयुक्त खानेसमान वितरण गरेका छन्।

सो अवसरमा प्रतिष्ठानका अध्ययक्ष ध्रुव कुमार मण्डल, नेकपा (माओवादी केन्द्र ) का केन्द्रीय सदस्य अशोक कुमार मण्डल"अमर ",जिल्ला इन्चाज सुर्यनाथ यादव "शुभाष", प्रदेश साँसद माला कर्ण, पूर्व प्रमुख निर्वाचन आयुक्त डा.अयोधि प्रसाद यादव, मधेश प्रदेशका पूर्व राज्य मन्त्री रुवी कर्ण, अखिल नेपाल ट्रेड युनियन महासंघ मधेश प्रदेशका अध्यक्ष केदार देव, वडा अध्यक्ष अख्तर अलीका साथै प्रतिष्ठानका पदाधीकारी तथा नेकपा (माओवादी केन्द्र) का नेता/कार्यकता उल्लेख्य संख्यामा सहभागी भए।

प्रतिष्ठानका अध्यक्ष मण्डलले नेपालमा कम्यूनिस्ट पार्टीको स्थापना तथा प्रजातन्त्र ल्याउन कर्माचार्यले खेलको भुमिका र गरेको योगदानको स्मरण गर्दै फलफुल वितरण लगायतका विभिन्न कार्यक्रम गरी जन्मशताब्दी मनाएको बताए।

काठमाण्डौंका ललितपुरमा वि.स.१९८१ साल कार्तिक १४ गते जन्म भएका कर्माचार्य वि.स.२००६ सालमा पुष्पलाल श्रेष्ठ, नारायण विलाश जोशी र निरंजन गोविन्द बैद्य सहित मिलेर नेपाल कम्यूनिस्ट पार्टीको स्थापना गरेका थिए।

उनको वि.स.२०७० साल साउन ९ गते निधन भएको थियो। नेकपा (माओवादी केन्द्र ) का केन्द्रीय सदस्य अशोक कुमार मण्डल "अमर" ले नेपाल कम्यूनिस्ट पार्टीका संस्थापक मध्येका एक कमरेड नर बहादुर कर्माचार्यको विचार र चिन्तन अहिले पनि उत्तिकै महत्वपुर्ण रहेको भन्दै उनको राजनीतिक योगदानको सम्झनालाई जीवन्त राख्न यस्ता कार्यक्रमले टेवा पूऱ्याउने विश्वास व्यक्त गरे।

# सयौँ विद्यार्थीलाई पोशाक वितरण



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको मलंगवा नगरपालिकामा सयौँ विद्यार्थीलाई पोशाक वितरण गरिएको छ।

जिल्लाको सदरमुकाम मलंगवा नगरपालिका वडा नम्बर -५ स्थित भाँडसरमा रहेको रामगुलाम जनता माध्यमिक विद्यालयका ८ सय विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको छ। सोही विद्यालयका संस्थापक स्वर्गीय रामगुलाम खिडहरीका नाति भाँडसरका सामाजिक अभियन्ता मनिष कुमार यादवको आयोजनामा सो विद्यालयमा अध्यनरत कक्षा १ देखि १० सम्मका ८ सय विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको छ।

अन्जनी खिडहरीका छोरा मनिषको आर्थिक सहयोगमा विधार्थीहरुलाई विद्यालय पोशाक वितरण गरिएको रामगुलाम जनता माविका प्राधानाध्यापक मनोज कुशवाहाले बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामलक्षण यादवको अध्यक्षता, मलंगवा नगरपालिकाका उपमेयर सकुन्तला देवी साहको प्रमुख आतिथ्यता तथा विशिष्ट अतिथि नेपाली कांग्रेस मलंगवा नगर कमिटीका पूर्व अध्यक्ष चन्द्रकिशोर साह, राजश्री सेविंग्स् एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेड मलंगवाका मुख्य प्रबन्धक राजनहरी श्रेष्ठ, कुमार खिडहरीलगायतको उपस्थितिमा आयोजित एक कार्यक्रमकाबीच विद्यार्थीहरुलाई विद्यालय पोशाक हस्तान्तरण गरिएको छ।

कुनै एक समुदाय अथवा वर्गलाई मात्र नछुट्याइ विद्यालयमा अध्यनरत सबै समुदाय तथा वर्गका विद्यार्थीहरुलाई सामान रुपले विद्यालय पोशाकको कपडा वितरण गरेको कार्यक्रमका आयोजक तथा सामाजिक अभियन्ता मनिषले बताए। पहिलो चरणमा विद्यालय पोशाक वितरण गरेको र दोस्रो चरणमा छठ पर्व पछि विद्यालय खुले लगत्तै व्यक्तिगत लगानीमा प्रत्येक विद्यार्थीलाई टाई, बेल्ट र परिचयपत्र वितरण गर्ने उनले बताए। यसका साथै सबै विद्यार्थीहरुलाई पोशाक लगाएर विद्यालयमा आउन समेत उनले अनुरोध गरे।

एसएलसी यसै विद्यालयबाट दिएको साथै संस्थापक परिवारको सदस्य भएको नाताले पनि यस विद्यालय प्रति आफनो लगाव रहेको र बाबु बाजेले पनि विद्यालय प्रति देखाएको माया, स्नेह र प्रेमलाई आत्मसात गर्दै पहिलो प्रयासको रुपमा विद्यालय पोशाक वितरण गरेको मनिषले बताए।

सो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामलक्षण यादवले विद्यार्थीहरुले पाएको पोशाकको कपडाले उनीहरुलाई अध्ययन गर्न थप मदत पुग्ने बताएका छन्। युवा समाजसेवी मनिषले गरेको सो कार्य प्रशंसा योग्य रहेको उनले बताए।

**सुशासन प्रवर्द्धन गरौं**

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियमक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८